# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

शुक्रबार साउन ४, २०७५ | Friday, July 20, 2018 | www.newsofnepal.com | नेसं ११३८ दिल्लाथ्व ८ | वर्ष २४, अंक १९१ | पृष्ठ १२ | मूल्य रू १०/–


# ओली सरकार ढालेरै छाड्छौं





माइतीघर मण्डलामा डा. केसीको समर्थनमा उर्लेको जनलहर र जुम्लाबाट ल्याएपछि त्रिवि शिक्षण अस्पतालमा केसी र उहाँका समर्थक । तस्वीर: उजोल डंगोल र अनिल आङदेम्बे, काठमाडौं

## अस्पतालभित्रै नाङ्गो नाच

काठमाडौं, (नेस)

प्रमुख प्रतिपक्ष दलका नेता एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जुम्लामा अनशनत डा. गोविन्द केसीलाई जबर्जस्ती राजधानी ल्याउन कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानभित्र पसी जथाभावी गोली, अश्रुग्यास र लाठीचार्ज गरेर सरकारले नाङ्गो नाच देखाएको बताउनुभएको छ।

- सरकारको रबैयाविरुद्ध कडा संघर्ष गर्ने चेतावनी
- सरकारविरुद्ध उभिन राजपा र नयाँ शक्तिलाई आग्रह
- प्रतिनिधिसभा बैठक स्थगनप्रति असन्तोष प्रकट

अहिलेसम्म अस्पतालभित्र यस्तो उदण्ड गतिविधि नभएको भन्दै कांग्रेस सभापति देउवाले यो घटनाको कडा शब्दमा भर्त्सना गर्नुभएको छ। डा. केसीको माग पूरा गर्न अघिल्लो सरकारले अध्यादेशको रूपमा ल्याएको चिकित्सा शिक्षा विधेयक हुबहु नल्याएमा कांग्रेसलाई मान्य नहुने भन्दै उहाँले सरकारको रबैयाविरुद्ध कडा संघर्ष गर्ने चेतावनी पनि दिनुभएको छ।

डा. केसीको जीवन रक्षा हुनुपर्ने भन्दै यसलाई सानोतिनो कुराका रूपमा लिएर सरकारले गम्भीर भुल गरिरहेको भन्दै कांग्रेस सभापति देउवाले बिहीबार भएको प्रतिनिधिसभा बैठक स्थगनप्रति पनि असन्तोष प्रकट गर्नुभएको छ। सभापति देउवाले डा. केसीको मागको सम्बन्धमा समान धारणा बनाउन र सरकारविरुद्ध उभिन सरकारले संविधान उल्लंघन गरिरहेकाले राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) र नयाँ शक्ति पार्टीका शीर्ष नेताहरूलाई पनि आग्रह गरेका छन्।

नेकपाका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले संविधान उल्लंघन र जनहितविपरीत कार्य गरिरहेको भन्दै सदन र सडक आन्दोलन गरिरहेको कांग्रेस सभापति देउवाले राजपाका नेता राजेन्द्र महतो र नयाँ शक्तिका नेता डा. बाबुराम भट्टराईसँग सरकारविरुद्ध उभिनेबारे बिहीबार छलफल गर्नुभएको थियो।

प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले बिहीबार नै एक विज्ञप्ति जारी गरी जुम्लामा भएको सरकारी दमन तथा संसद् छल्ने गरी बैठकलाई ८ दिन पर सारिएको विषयलाई नेपाली कांग्रेसले गम्भीररूपमा लिएको जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## डा. केसीद्वारा पुरानै स्थानमा अनशन शुरू

भगवती तिमल्सिना, काठमाडौं

२० दिनदेखि जुम्लामा आमरण अनशन बस्नुभएका प्राडा गोविन्द केसीलाई सरकारले बिहीबार सेनाको हेलिकोप्टरबाट काठमाडौं ल्याई शिक्षण अस्पताल महाराजगन्ज पुर्‍याएको छ।

डा. केसीलाई यातना दिने मनसायले हेलिकोप्टरमा ३ घण्टा २० मिनेट घुमाएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नरोकी टुँडिखेलमा रोकेर सास्ती दिएको चिकित्सकहरूले आरोप लगाएका छन्।

उहाँलाई लिन त्रिवि शिक्षण अस्पतालको एम्बुलेन्स त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कुरिरहेको थियो। चिकित्सा शिक्षा सर्वसाधारण जनताको पहुँचमा हुनुपर्ने माग राखी अनशनरत डा. केसीलाई मानसिकरूपमा दबाब दिएर त्रासमा पारी काठमाडौं ल्याइएको चिकित्सकहरूको दाबी छ। उहाँलाई काठमाडौं ल्याउने नाममा अनशन बसेको जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बिहानदेखि सुरक्षाकर्मीको तैनाथ गरी धरपकड, लाठी, अश्रुग्यास, गोली चलाएर बिरामी र बिरामी कुरुवालाई समेत घाइते बनाएको छ। उपचारका लागि आएका बिरामीलाई अस्पतालभित्र प्रवेश नै नदिई अन्धाधुन्ध लाठी र अश्रुग्यास हान्नुका साथै प्रहरीले गोलीसमेत चलाएको थियो।

यता त्रिवि शिक्षण अस्पताललाई सुरक्षा घेराभित्र राखिएको थियो। अस्पताल परिसरमा दिउँसैदेखि चिकित्सक, शुभचिन्तक, विद्यार्थी, नागरिक समाज, सञ्चारकर्मीहरूको भीड लागेको थियो।

यति ठूलो संख्यामा जनमानसको भीडदेखि अतालिएको सरकारले डा. केसीलाई टुँडिखेलमा लगेर रात परेपछि झारेको भन्दै नागरिक समाजका अगुवाहरूले कडा टिप्पणी गरेका छन्। आक्रोशित सर्वसाधारणले यस्तो सरकार चाहिन्न जनतालाई अनावश्यक दुःख दिन पाइन्न भन्दै विरोधसमेत गरेका थिए।

उहाँ विगतमा झैं उक्त अस्पतालको गणेशमान भवनमा अनशन बस्नुभएको छ। उहाँले आईसीयूमा बस्न नमानेपछि सोही स्थानमा राखिएको हो। उहाँको स्वास्थ्यलाई ध्यानमा राखी अनशनस्थलमा मोनिटर, अक्सिजनलगायतको सम्पूर्ण व्यवस्था गरिएको अस्पतालले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## पोखरामा प्रमलाई कालोझन्डा

पोखरा, (नेस)

नेविसंघका विद्यार्थीले पोखरामा प्रधानमन्त्री केपी शर्मा ओलीलाई कालोझन्डा देखाएका छन्। प्रम ओली गण्डकी प्रदेशमा सम्बोधन गर्न आएपछि नेविसंघ कास्कीले विरोधस्वरूप कालोझन्डा देखाएको हो।

डा. गोविन्द केसीको मागमा सरकार जिम्मेवार नभएको बताउँदै नेविसंघ केन्द्रीय सदस्य भानु ढकालले मूल्य वृद्धि फिर्ता नलिएसम्म आन्दोलन नरोकिने चेतावनीसमेत दिएका छन्। तानाशाही ओली शासनले आम जनताको पसिना र रगत खाने काम गरेको भन्दै डा. केसीको जीवन रक्षासहित विकासको नाममा जनताको विनाश गर्न नहुने नेविसंघ विकास थापाले बताए। उखान टुक्का र छलकपटको भरमा देश नचल्ने बताउँदै आन्दोलन थप चर्काउने थापाले बताए।

## बिमस्टेकमा पुरानै गाडीको तयारी

टीका बन्धन, काठमाडौं

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को चौथो शिखर सम्मेलनको तयारीमा जुटेको सरकारले सम्मेलनका लागि आवश्यक नयाँ गाडी किन्नेभन्दा पनि पुरानैलाई प्रयोगमा ल्याउने भएको छ।

सदस्य राष्ट्रका राष्ट्र प्रमुख र सरकार प्रमुखको आवत-जावतका लागि विभिन्न सरकारी निकाय मातहतका सुविधासम्पन्न गाडी प्रयोग गर्ने तयारी गरिएको हो। बिमस्टेक राष्ट्रका विशिष्ट पाहुनालाई पूर्वराजा र राजपरिवारका सदस्यले विगतमा प्रयोग गरेका, परराष्ट्र र अन्य मन्त्रालय मातहतका 'बुलेट प्रुफ' गाडी उपलब्ध गराउने तयारी अघि बढाइएको छ।

शिखर सम्मेलनमा सदस्य राष्ट्रका राष्ट्र प्रमुख र सरकार प्रमुख सहभागी हुने प्रचलन छ। चौथो सम्मेलन आगामी भदौ १४ र १५ गते काठमाडौंमा आयोजना हुँदै छ। सम्मेलनलाई लक्षित गर्दै गृहमन्त्रीको संयोजकत्वमा गठित सुरक्षा परिवहन तथा यातायात समितिले गाडी जुटाउने गृहकार्य अघि बढाएको हो। 'सबै राष्ट्र प्रमुख र सरकार प्रमुखलाई बुलेट प्रुफ गाडी उपलब्ध गराइनेछ', गृह मन्त्रालयका प्रवक्ता रामकृष्ण सुवेदीले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'कुन निकायमा के-कति बुलेट प्रुफ गाडी छ भनेर खोजविन भइरहेको छ।'

४ वर्षअघि काठमाडौंमा आयोजना भएको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को १८औं शिखर सम्मेलनताका कतारले उपलब्ध गराएका गाडी बिमस्टेक सम्मेलनमा प्रयोगमा ल्याउन सकिने उहाँको भनाइ छ। १८औं सार्क सम्मेलन अघि कतारले ९ वटा सुविधासम्पन्न मर्सिडिज गाडी सहयोगस्वरूप नेपाललाई उपलब्ध गराएको थियो। ९ मध्ये ७ सुरक्षित रहेको, बाँकी ३ वटा परराष्ट्रमन्त्री, सचिव र मन्त्रालयकै प्रयोजनमा प्रयोगमा रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)


NIC ASIA
एन आई सी एशिया बैंक लि.

२३१ शाखा तथा २२० एटिएम सञ्जाल रहेको निजी क्षेत्रको सबैभन्दा ठूलो बैंक प्रस्तुत गर्दछ

न्यू प्रिमियम समुन्नति बचत खाता



६% वार्षिक ब्याजदर

- देशभरिका कुनै पनि बैंकको कुनै पनि ATM बाट जति पटक पनि निःशुल्क रकम निकाल्न सकिने
- रु ५ लाख सम्मको दुर्घटना बीमा
- Home बैंकिङ सुविधा
- NTC वा Ncell को रु. १०० बराबरको रिचार्ज कार्ड / Top Up सुविधा
- अनलाईन मार्फत खाता खोल्न सकिने
- अनलाईन मार्फत खाता खोलेमा भिसा डेबिट कार्ड, मोबाइल बैंकिङ तथा इन्टरनेट बैंकिङ सुविधामा २०% छुट पाईने
- Viber बैंकिङ सुविधा
- Missed Call बैंकिङ सुविधा
  Missed Call बैंकिङका लागि ९८०१२२७७३३ - Balance Enquiry | ९८०१२२७७४४ - Mini Statement | ९८०१२२७७५५ - Call Back

सिमित अवधिको लागि मात्र

अन्य थुप्रै विशेष आकर्षणहरुका साथ

www.nicasiabank.com
Toll Free No: 1660-01-77771

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

विस्तृत जानकारीका लागि "SAVE" टाईप गरी ३४४९८ मा SMS वा नजिकैको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस्।

२३१ शाखा / २२० एटिएम

> क्लबस्तरीय प्रतियोगितामा एकपछि अर्को ह्याट्रिक वा गोल गर्ने यी सुपरस्टारहरूले विश्वकपमा त्यति छाप छाड्न सकेका छैनन्। जति बेला मेसीमाथि धेरै आश गरिन्छ त्यति बेला उनको जादु चल्दैन। यस्तै रोनाल्डो र नेयमारमा पनि यही कुरा लागू हुन्छ।





# विश्वकपमा
## तीन सुपरस्टारको दशा

फिरोज राजोपाध्याय

विश्वकप शुरू हुनुअगाडि र भएदेखि तीन सुपरस्टार खेलाडीको निकै चर्चा चल्यो। ती हुन् अर्जेन्टिनाका लियोनल मेसी, पोर्चुगलका क्रिस्टियानो रोनाल्डो र ब्राजिलका नेयमार जुनियर। रोनाल्डोको शुरूआत सानदार रह्यो। उनले पहिलो खेलमा स्पेनविरुद्ध ह्याट्रिक गरे। तेस्रो गोल उत्कृष्ट फ्रिकिकमा गरेर वाहवाही लुटे र विश्वकपमा सम्भावना देखाए कि युरो २०१६ को नतिजा दोहोर्‍याउनेछ।

तर, रोनाल्डोका लागि अन्तिम १६ कष्टकर रह्यो। उरुग्वेसँग २-१ ले हारेर पोर्चुगल बाहिरियो। जसमा रोनाल्डोले आफ्नो टोलीका लागि गोल पनि गर्न सकेनन्। उनी एडिसन काभानीको २ गोलमा विश्वकप यात्रा समाप्त गर्न बाध्य भएका थिए। रोनाल्डो अहिले रियल मेड्रिडबाट इटालियन सिरी 'ए' को शीर्ष टोली युभेन्टसमा १० करोड युरोमा आबद्ध भएका छन्। उनको यो विश्व यात्रा फ्लप भए पनि उनको प्रशंसक कम भएका छैनन्। युभेन्टसको उनको जर्सी बेचेर क्लबले ५ करोड युरो कमाएकाले नै रोनाल्डो कति लोकप्रिय भन्ने स्पष्ट पार्छ।

यसै गरी मेसीको शुरूको दुई खेल खराब रह्यो र अन्तिम खेलमा नाइजेरियालाई २-१ ले हराएर अर्जेन्टिना बल्लतल्ल नकआउट चरणमा पुग्यो। सो खेलमा मेसीले एक गोल गरे। यो गोलले उनको लय फर्केको उनका समर्थकले आश गरेका थिए। तर, अन्तिम १६ मा फ्रान्ससँग ४-३ ले हारेपछि अर्जेन्टिना बाहिरियो र मेसीको विश्वकप यात्रा पनि टुंगियो। मेसीले यो सबैभन्दा खराब क्षण भनेर घोषणासमेत गरे।

अर्का सुपरस्टार नेयमार अलि माथि पुगे। ब्राजिल क्वार्टरफाइनलमा गोल्डेन जेनेरसन उपनाम पाएको बेल्जियमसँग २-१ ले पराजित भयो। योसँगै नेयमार ब्राजिलको २०१४ विश्वकपको लज्जित घटना ढाक्ने योजना पनि भताभुंग भयो। ४ वर्षअघि आफ्नै घरेलु मैदानमा ब्राजिल त्यति बेलाको च्याम्पियन जर्मनीसँग ७-१ ले हारेको थियो। नेयमारले रुसमा भएको विश्वकपमा २ गोल गरे। तर, उनको मैदानमा लड्ने व्यवहारले भने विश्व फुटबलप्रेमी चकित भएका थिए।

उनीहरूको बिदाइसँगै करोडौं समर्थकसमेत निराश भएका थिए। समर्थकको आश थियो कि उनीहरूले यसपटक इतिहास रच्नेछन्। तर, यस्तो भएन सायद अर्को विश्वकप खेल्छन् होला। खेले पनि मेसी ३६ र रोनाल्डो ३७ वर्षको हुनेछन् भने नेयमार ३० वर्षको हुनेछन्। रोनाल्डोले त अहिले आफू २३ वर्षको युवा खेलाडी भनेर आफूलाई युवा सावित गर्न खोजिरहेका छन्। उनले कतारमा खेल्ने सम्भावनालाई नकारेका छैनन्।

मेसीको सपना विश्वकप ट्रफी उचाल्ने हो। यो बारम्बार भनिने उनको भनाइ हो। तर, सन् २००६ देखि विश्वकप खेलेका मेसीलाई यो मौका कहिल्यै आएन। अर्जेन्टिना फ्रान्ससँग राम्रो खेलेर पनि हार्नुमा डिफेन्स कमजोर भएको थ्री स्टार क्लबका प्रशिक्षक मेघराज केसीले नेपाल समाचारपत्रलाई बताउनुभयो।

उहाँले भन्नुभयो- 'अर्जेन्टिनाको गोलकिपर र डिफेन्स क्षेत्रबीच तालमेल देखिएन। सबै स्कोरिङका लागि एट्याकिङ खेल्नमा व्यस्त हुँदा डिफेन्समा जोड दिन सकेनन्। यसैले पनि अर्जेन्टिनाले गोल खान पुग्यो।

अर्जेन्टिनाअघि जर्मनी पनि बाहिरिएको छ। यो विश्वकपले नामले मात्रै खेल जित्न नसक्ने सन्देश दिएको छ। जित हात पार्न टिमवर्कको जरुरी हुन्छ। फ्रान्सले यस्तै उदाहरण दिएको छ। यसबारे प्रशिक्षक केसीले टिमवर्क ज्यादा महत्त्वपूर्ण हुने बताउनुभयो।

केसीले भन्नुभयो- 'मेसी, रोनाल्डो या नेयमार जस्ता खेलाडीको भरमा जित हात पार्न सक्दैन। यो विश्वकपले यस्तै देखाइरहेको पनि छ। उनीहरूलाई विपक्षीका खेलाडीले बढी मार्क गरिरहेका हुन्छन्। यसैले पनि उनीहरूले सोचे जस्तो प्रदर्शन गर्न सक्दैनन्। जितका लागि टिमवर्क नै चाहिन्छ। बेल्जियम, फ्रान्स र क्रोएसियामा कोही चर्चित खेलाडी छैनन् तर पनि यी टिमले राम्रो प्रदर्शन गरिरहेका छन्।'

क्लबस्तरीय प्रतियोगितामा एकपछि अर्को ह्याट्रिक वा गोल गर्ने यी सुपरस्टारले विश्वकपमा त्यति छाप छाड्न सकेका छैनन्। जति बेला मेसीमाथि धेरै आश गरिन्छ त्यति बेला उनको जादु चल्दैन। उनी विश्वकपमा छाप छाड्न सकिरहेका छैनन्। यस्तै रोनाल्डो र नेयमारमा पनि यही कुरा लागू हुन्छ।

प्रशिक्षक केसीले बताउनुभयो- 'क्लबमा संसारभरिका राम्रा खेलाडी हुन्छन्। उनीहरू त्यहाँ वर्षौंवर्ष खेल्छन्। यति भएपछि उनीहरूमा तालमेल भइरहन्छ र सफल हुन्छन्। तर, राष्ट्रबाट खेल्दा दुई/तीन हप्तादेखि साथ हुन्छन्। भनौं न मेसी वा रोनाल्डो या नेयमारले ती खेलाडीहरूसँग तालमेल बनाउन पनि समय लाग्छ। फेरि क्लबमा व्यावसायिक हुने हुँदा पनि रिजल्ट दिन्छन् उनीहरूले तर राष्ट्रबाट खेल्दा त्यो नहुन सक्छ।'

नेयमार त युवा नै छन्, तर पनि उनले जस्तो चाहेको हो त्यस्तो नतिजा ब्राजिलका लागि दिन सकेनन्। उनको बारेमा केसी बताउनुहुन्छ- 'नेयमारमा जोश छ। उनले राम्रो खेलेको छैन भनौं भने पनि गोल गर्न प्रयास गरिरहन्छन्। उनीमाथि यो प्रतियोगितामा धेरै फाउल प्रहार पनि भएको छ। सायद उनी एक्लो खेलाडी हुन् कि सबैभन्दा फाउल पाउनेमा। बेल्जियमसँग प्रयास राम्रो थियो तर भाग्यले साथ दिएन उनीहरूलाई।'










# विश्वकप-२०१८
## का केही झलक









## डा. केसीको समर्थनमा

डा. गोविन्द केसीका जीवन रक्षाको मागसहित सडकमा ओर्लिएका कांग्रेसी कलाकार।

PAGE3

## हिमालकी छोरी

नायिका सुरक्षा पन्त हिमाली पहिरनका साथ हिमाली क्षेत्रमा।



# फेरि एकसाथ ३ फिल्म



वर्ल्डकप फुटबल खेलका कारण फिल्म रिलिजमा कमी आए पनि विश्वभरिको चासो रहेको खेल सकिएलगत्तै सिने बजारमा धमाधम बढीभन्दा बढी फिल्म रिलिज हुन थालेका छन्। यसै क्रममा आज शुक्रबार एकसाथ ३ फिल्म रिलिजमा आउने भएका छन्।

अघिल्लो शुक्रबार एकसाथ ४ फिल्म आएको सिने बजारमा यो साता *चक्कर*, *भैंरे* र *पण्डित बाजेको लौरी* गरी ३ फिल्म रिलिज हुने भएका छन्।

*डाइङ क्यान्डल*का चर्चित सिनेमाटोग्राफर रविन आचार्यद्वारा नवनिर्देशक अनुश्का रौनियरलाई निर्देशनको जिम्मा दिइएको फिल्म *चक्कर* आज शुक्रबारबाट अल नेपाल रिलिज हुँदै छ। लेखन र सम्पादनसमेत निर्देशक रौनियारकै रहेको फिल्म निर्माता आचार्यले नै खिचेका छन्। अभोनराज उप्रेती, अर्पण थापा, सिर्जना सुब्बा, ऋचा शर्मा, भोलाराज सापकोटा, स्मृति पोखरेलगायतका कलाकारले प्रमुख भूमिकामा अभिनय गरेको फिल्म हिंस्रक प्रेमकथामा बनेको छ। नेसनल मिडियो प्रोडक्सनको प्रस्तुतिमा केटीएम हाउस प्रोडक्सनद्वारा निर्मित फिल्ममा संगीत संगम पन्त र पुष्पा पलाञ्चोकेको रहेको छ।





त्यसै गरी आजै रिलिज हुन लागेको अर्को फिल्म *भैंरे* एभरेस्ट सूर्य बोहोराको लेखन र निर्देशनमा बनेको छ। दयाहाङ राई, सुरक्षा पन्त, वर्षा शिवाकोटी, सुनील थापा, बुद्धि तामाङ, जयनन्द लामा, सविता गुरुङ, जाह्नवी बोहरा, अनुभव रेग्मी, अर्जुन गुरुङ, लेखबहादुर पुन, समेश श्रेष्ठ, सयाहाङ राई, कञ्चन ठकुरी, शूरवीर पण्डितलगायतले प्रमुख भूमिकामा अभिनय गरेको फिल्म नेपालय सिनेमा इन्टरनेसनल प्रालिको ब्यानरमा प्रेमप्रसाद पौडेल र देवीमाया अधिकारीले निर्माण गरेका हुन्। फिल्ममा गीत एभरेस्ट सूर्य बोहरा र वसन्त सापकोटा, संगीत वसन्त सापकोटा, अर्जुन पोखरेल र एम बराल, नृत्य निर्देशन वसन्त श्रेष्ठ र कविराज गहतराज, द्वन्द निर्देशन सूर्य थोकर, छायांकन पुरुषोत्तम प्रधान, सम्पादन र बनिष शाहको रहेको छ।

आजै रिलिज हुन लागेको अर्को फिल्म *पण्डित बाजेको लौरी* दीपक ओलीले निर्देशन गरेका छन्। वादीको कथामा बनेको फिल्ममा विजय बराल र सन्ध्या केसी वादी र बदिनीको भूमिकामा छन् भने अन्य प्रमुख भूमिकामा भोलाराज सापकोटा, प्रवीण खतिवडा, विजय बराल, प्रमोद अग्रहरि, मरिष्का पोखेल, सन्ध्या केसी, लोकेन्द्र विक, विशाल पहारी, कुलदीप अधिकारीलगायतले अभिनय गरेका छन्। अध्रित फिल्म्स्को ब्यानरमा निर्माण भएको फिल्ममा महेश दुवाडीको कथा र संवाद, श्रीकृष्ण बम मल्ल र अमित श्रेष्ठको संगीत, विक्रम स्वाँरको कोरियोग्राफी, विदुर पाण्डेको छायांकन र मित्र डी गुरुङको सम्पादन रहेको छ।

फ्राइडे फिल्म

## श्वेताश्री फाउन्डेसनलाई सहयोग

राजधानीमा आयोजित एक कार्यक्रमका बीच नायक स्व. श्रीकृष्ण श्रेष्ठ र नायिका श्वेता खड्काको नाममा स्थापित श्वेताश्री फाउन्डेसनमार्फत सिन्धुपाल्चोक साँगा चोक गढी नगरपालिका-११ मा निर्माणाधिन एकीकृत माझी बस्तीका लागि युथ एन्ड स्टुडेन्ट फर पिस नेपालले सहयोग रकम प्रदान गरेको छ।

संघका अध्यक्ष प्रकाशबाबु थापाले फाउन्डेसनकी अध्यक्ष श्वेता खड्कालाई १ लाख १० हजार रुपियाँ हस्तान्तरण गरे। थापाले भूकम्पबाट प्रभावित उक्त माझी बस्तीलाई नायिका तथा निर्मात्री खड्काले चालेको अभियानमा साथ दिने उद्देश्यले उक्त रकम प्रदान गरेका हुन्।



## जय शम्भुमा वर्षाको रोमान्स

*जय शम्भु* नामक फिल्मको बिहीबार राजधानीमा आयोजित एक समारोहबीच गीत सार्वजनिक गरिएको छ।

*म त परें तिम्रै भर* बोलको रोमान्टिक गीतमा अनुपविक्रम शाही र वर्षा शिवाकोटी रोमान्टिक मुडमा प्रस्तुत भएका छन्। सार्वजनिक गीतमा अमृता नेपालको शब्द, टंक बुढाथोकीको संगीत, अञ्जु पन्त र टंक बुढाथोकीको स्वर रहेको छ भने यसको भिडियोमा रामजी लामिछानेले कोरियोग्राफी गरेका छन्। रूपेश तामाङले निर्देशन गरेको फिल्म एक्सन र लभस्टोरीमा बनेको बताइएको छ। श्री श्रेष्ठको एक्सन, हरि घले लामाको छायांकन र बनिश शाहको सम्पादन रहेको फिल्ममा अनुपविक्रम शाही र वर्षा शिवाकोटीसँगै प्रशान्त ताम्राकार, रोशन महर्जन, करुणा पाण्डे, रश्मी भट्ट, वसन्त भट्ट, राजकुमार थापा, कालु रानालगायतका कलाकारले अभिनय गरेका छन्।






आयो है गाईजात्रे तन्त्र
पठाउनुहोस् तपाईंको व्यंग्य र कार्टुन मन्त्र

आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आए'नि असारमै काम गर्नुपर्ने?
मेलम्ची र सडक विस्तारको बहानामा खाल्डै खाल्डो भयो शहर
चल्ला नचल्ला पानीजहाज र रेल, वर्षाको पानी जम्दा जनता डुब कि मर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने बहुमतको सरकार आउँदासम्म सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो गर्दै रोएजस्तो गर्ने कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुटियो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ सास्तीमाथि सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् उस्तै मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् झनै भयो जनतालाई झुक्याइरहने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
भान्छा भान्छामा ग्यास पुऱ्याइदिने वचन पूरा गरिदियो भक्तपुरको वर्षाले
नेताले भाषण दिइरहने, जनताले पत्याइरहने, जनता लड्िरहे यस्तै नशाले।
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति, सुध्रिएनन् नेता र मन्त्रीका मति।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको ३५ वर्षदेखिको यही हो धोको।

**व्यंग्य लेखक, कार्टुनिस्ट घुँडा धसी बस**
**जनतामारा फटाहालाई जति सक्छौ घोच।**
**छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्यचित्र**
**यही साउन २१ म्याद यसको, पठाऊँ यहीभित्र।**

हरेक साल उत्कृष्ट छ, परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

**कामना न्यूज पब्लिकेसन्स्**
**कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं**
**पो. ब. नं. २०४५**
**ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com**

# विचार

सकारात्मक सोच एउटा
त्यस्तो लेन्स हो, जसबाट जहाँ
हेरे पनि जता नियाले पनि
उज्यालो पक्ष मात्र देखिन्छ।
– सन्तु श्रेष्ठ

अरूको कुरा गरेर समय खेर
फाल्नुभन्दा आफ्नो अवगुणको
आलोचनात्मक चिन्ता गरे चरित्रको
विकास हुन्छ।
– स्वामी विवेकानन्द

सम्पादकीय

नेपाल समाचारपत्र

## सरकारको हरेक कदम विवादास्पद


दुईजना नेताको सयुक्त नेतृत्वमा रहेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का एक अध्यक्ष केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारले कामभन्दा बढी गफ मात्र गरेको भनी सर्वत्र आलोचना भैरहेको बेला सरकारले गरेका हरेक निर्णय विवादास्पद बन्दै गएका छन् । पछिल्लो समय मात्र डा. गोविन्द केसीको माग पूरा गर्ने जनभावनालाई समेत कदर गर्दै अघिल्लो सरकारले अध्यादेशमार्फत ल्याएको चिकित्सा शिक्षा विधेयकको मूल मर्मलाई नै हटाएर अर्को विधेयक ल्याएपछि सरकारको देशव्यापी विरोध भैरहेको छ । डा. गोविन्द केसी यसको विरोधमा आमरण अनशनमा बसेको २० दिन भैसकेको छ । सरकारको यो निर्णयविरुद्ध प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले सदन र सडक संघर्ष गरिरहेको छ । चिकित्सक, अधिकारकर्मीलगायत आमजनता केसीको माग पूरा गर्न सडकमा ओर्लिएका छन् । अघिल्लो सरकारले गरेका राजनीतिक नियुक्ति खारेजी मात्र हैन ओली नेतृत्वको सरकारले गरेको राजदूत नियुक्तिसमेत विवादास्पद बनेको छ । सरकाले गरेको निषेधित क्षेत्र घोषणाको विषय पनि निकै विवादित बन्यो ।

गत फागुन ३ गते गठन भएको वर्तमान सरकारले विभिन्न ३ सयभन्दा बढी निर्णय गरिसकेको छ । सरकारले गरेका यी निर्णयहरू कति कार्यान्वयन भए, कति कानुनसम्मत छन्/छैनन् ? जनताको पक्षमा छन्/छैनन् ? जस्ता प्रश्नहरूको उत्तर खोजी भैरहेको बेला पछिल्लो समय अघिल्लो सरकारले गरेको राजनीतिक नियुक्ति खारेज गरेको निर्णयलाई भने सर्वोच्च अदालतले बदर गरिदिएर वर्तमान सरकारलाई ठूलै झापड लगाएको छ । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वले निर्वाचनको समयमा गरिएको नियुक्ति भन्दै विभिन्न सरकारी संघसंस्थाका पदाधिकारी नियुक्ति बदरविरुद्ध सर्वोच्च अदालत गएका पीडित पदाधिकारीहरूको पक्षमा सर्वोच्चले फैसला गरिदिएपछि सरकारको निर्णय विवादास्पद बन्यो । हालै मात्र पूर्वसंवैधानिक पदाधिकारीलाई राजदूत नियुक्त गरेपछि सरकारले संविधानमाथि नै प्रहार गरेको भनी यो निर्णयविरुद्ध पनि अहिले व्यापक आलोचना भैरहेको छ ।

संविधानको धारा २४५ को उपधारा ८ मा निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त र आयुक्त भैसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य नहुने भनी स्पष्ट लेखिए पनि केपी ओली नेतृत्वको सरकारले पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रतीलाई राजदूतमा नियुक्त गर्ने निर्णय गरेपछि अहिले यसको विरुद्ध आमसमुदायमा तातो बहस भैरहेको छ । यस विषयमा पनि सरकारले संविधान उल्लंघन गरेको भनी सर्वोच्चमा बहस हुने निश्चित भएको भन्दै सरकारले एकपछि अर्को गलत निर्णय गर्दै गएको आरोप लागिरहेको छ ।

जनताका दैनिक आवश्यक्ता पूरा गर्ने कुरामा ध्यान नदिएको, विकासको प्राथमिकता पैल्याउन नसकेको तथा रेल, पानीजहाजजस्ता कुराहरू गरेर जनतालाई भुल्याइरहेको भनी सर्वत्र आलोचना भैरहेको बेला सरकारका यस्ता विवादास्पद कामले सरकारको छवि धमिलिएको छ । सरकारले महँगी नियन्त्रण गर्न नसकेको, मेडिकल माफियालाई प्रश्रय दिएको, देश र जनताको पक्षमा भन्दा पनि आफ्नो पार्टीका नेता र कार्यकर्ताको स्वार्थमा मात्र काम गरेको भनी नयाँ शक्ति पार्टीले त प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामासमेत माग्न थालिसकेको छ । सरकारले यस्तै विवादास्पद निर्णय गर्दै जाने र नसच्याउने हो भने फेरि देशव्यापी आन्दोलन हुने संकेत देखिन्छ ।

# चतुर मोदी र हाम्रो नियति



नगेन्द्रराज पौडेल

मोदी आगमनको समयमा जनकपुरमा नेपालको झन्डा बिगारेको विषयलाई लिएर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रदेश २ का प्रमुख सचिवसहित अन्य ३ जनालाई स्पष्टीकरण सोधेको समाचार आए पनि क-कसलाई के-के कार्वाही भयो वा भएन, यसको विवरण भने आजपर्यन्त सार्वजनिक भएको छैन।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी हरेक दृष्टिले चतुर देखिन्छन्। केही मौलिक अनुप्रासीय शब्द संयोजनद्वारा आफ्नो भनाइमा तिख्खरता ल्याउने उनको कला हरेक भाषणमा र नेपाल भ्रमणका बेलाका हरेक क्रियाकलापमा प्रस्टरूपमा देख्न सकिन्छ। गत भ्रमणमा उनले सागर र सगरमाथासँग नेपालको स्वाभिमानलाई तौलेर गए। भारतकै निगाहमा हामी दिनानुदिन कति परावलम्बी हुनुपरेको छ भन्ने कुरा उनकै देशले लगाएको नाकाबन्दीबाट उनले थाहा नपाएका होइनन्। तैपनि तीजाको कुरा गरेरै भए पनि खाएझैं गराउने उनको कला अचम्मकै छ। जहाँ जे बोल्नुपर्छ, त्यहाँ त्यही बोल्न उनी सिपालु छन्। यसअघि उनी नेपालमा धार्मिक यात्रुका रूपमा आए, राजनीतिज्ञका रूपमा फर्किए। यो चातुर्यता कमै राजनीतिज्ञसँग मात्र हुन्छ। जानकी, मुक्तिनाथ र पशुपतिको पूजाअर्चना गरे। राजनीतिक भेटघाटलाई बाक्लो पारे। यता जब उनी शक्तिपीठको पूजाअर्चनामा हुँदा उता उनकै देशको दक्षिणी प्रदेश कर्नाटक राज्यमा चुनाव हुँदै थियो। धेरैले उनको यो धार्मिक यात्रा कर्नाटककै चुनाव जित्ने गरी परिलक्षित थियो पनि भने। साँच्चे त्यस्तै देखियो पनि। नभन्दै कर्नाटकमा उनको पार्टी भाजपाले २२४ संसदीय सदस्यमा १०४ सिट ल्याई अन्य पार्टीभन्दा ठूलो दल बन्यो। मुख्यमन्त्रीमा नियुक्त भएको ५५ घन्टा नबित्दै अदालतको आदेशानुसार विश्वासको मत लिनुपर्दा हिम्मत गर्न नसकी उनकै पार्टीका मुख्यमन्त्रीले राजीनामा नै दिनुपर्‍यो। बहुमत नहुँदा नहुँदै पनि मुख्यमन्त्रीमा नियुक्त गर्ने त्यहाँको गभर्नरसमेत विवादमा मुछिए। पछि त्यहाँ गठबन्धनका तर्फबाट कुमारास्वामी देबेगौंडा मुख्यमन्त्री नियुक्ति भए। आफूलाई लोकतन्त्रका दुहाइ दिने मुलुकका लागि यो भन्दा शर्मानक विषय अर्को के हुन सक्छ ? त्यसमाथि मोदीको चातुर्यताले पनि यहाँनेर हार्नुपर्‍यो।

### मोदी-स्तुति : बाध्यता कि नियति ?

मोदी-स्तुति हाम्रो बाध्यता मात्र हो वा नियति, बुझ्न सकिएको छैन। प्रत्येक पटकको आगमनमा उनलाई ठाउँ-ठाउँबाट नागरिक अभिनन्दन गरिन्छ। हाम्रो गुह्य कुरा सुनाइन्छ। उनको गत नेपाल भ्रमणका बेला पनि यस्तै गरियो। २ महिनाअघिको मोदी आगमनलाई प्रदेश २ ले प्रतिष्ठाको विषय बनाएको थियो। प्रशिद्ध तीर्थस्थल जानकी पनि यसै प्रदेशमा पर्ने भएर होला, उनी सीधा यही प्रदेशतिरै हुइँकिए। प्रदेश २ को सरकारले उनको नागरिक अभिनन्दनको आयोजना गर्‍यो। यसै सन्दर्भमा मञ्चमा राखिएका भारत र नेपालका राष्ट्रिय झन्डाहरूमध्ये नेपालतर्फको राष्ट्रिय झन्डाको स्वरूप नै बिगारेर राखिएको देखियो। आकार, बनोट र स्वरूपमा नेपालको झन्डा नेपालको संविधान २०७२ को अनुसूची १ ले निर्देश गरेअनुसार हुन्छ। तर त्यहाँ त्यस्तो भएन। अभिनन्दन कार्यक्रममा संघीय मन्त्रीसमेत उपस्थित थिए तर कसैले ख्याल गरेनन्। पछि वक्तव्यका क्रममा प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले 'विभेदकारी संविधानविरुद्ध आफूहरूको संघर्ष जारी रहेको' भन्दै संविधानको खिलाफमा बोले भनेर समाचार आयो। विचरा सोझा हाम्रा मुख्यमन्त्री मोदीले केही राहत थमाइहाल्छन् कि भन्ने भ्रममा परे। सबै कुरा सुनाए। जबकि यी सब कुराका बारेमा मोदी उहिल्यैदेखि जानकार थिए। लालबाबुको गाथाशोक अरण्यरोदनमा परिणत भयो।

आन्तरिक मामला विदेशी पाहुनालाई सुनाइँदैन तर त्यहाँ सुनाइयो रे। जुन संविधानले लालबाबुलाई मुख्यमन्त्री बनायो त्यही संविधानको खिलाफमा उनी बोल्नु तर्कयुक्त थियो/थिएन, राजनीतिका जानकारहरू भन्लान्, तर आफैंले आयोजना गरेको कार्यक्रममा नेपालको राष्ट्रिय झन्डा बिगारेर राखेको सुइँकोसम्म किन पाएनन् ? एउटै मञ्चमा भएका २ झन्डामध्ये भारतको चुस्त-दुरुस्त हुनु अनि नेपालकोचाहिँ नहुनु पनि के नियति मात्रै हो त ? कतै मुख्यमन्त्रीको सोझोपनको गलत फाइदा अरूहरूले त उठाएनन् ? सोचनीय छ। यसै विषयलाई लिएर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रदेश २ का प्रमुख सचिवसहित अन्य ३ जनालाई स्पष्टीकरण सोधेको समाचार आए पनि क-कसलाई के-के कार्वाही भयो वा भएन, यसको विवरण भने आजपर्यन्त सार्वजनिक भएको छैन।

### मारमा बीएस यदियुरप्पा :

दुई महिनाअघि सम्पन्न मोदीको नेपाल भ्रमणको सन्दर्भलाई लिएर भारतमा पनि उनको चर्को विरोध भएको थियो। प्रतिपक्षी भारतीय कांग्रेसका महासचिव तथा वरिष्ठ नेता अशोक गहलोतले उनको भ्रमण नेपाल--भारतको सम्बन्ध सुधार्नका लागि नभएर भारतको दक्षिण प्रदेश कर्नाटकमा हुँदै गरेको विधानसभाको चुनाव प्रभावित गर्ने लक्ष्यले प्रेरित भएको टिप्पणी गरेका थिए। नभन्दै त्यहाँ भाजपाले धेरै सिट ल्याई अन्य पार्टीभन्दा ठूलो दल त बन्यो तर सरकार गठनका क्रममा भने ठूलै धक्का सहनुपर्‍यो। ठूलो दलका हैसियतमा त्यहाँ भाजपाकै बीएस यदियुरप्पा मुख्यमन्त्री नियुक्त त भए तर अल्पमतको दललाई सरकार गठन गर्न लगाएकोमा विपक्षीहरूले कर्नाटकका गभर्नर वाजुभाइ पालाको तीव्र आलोचना गरे। गभर्नरले यदियुरप्पाको बहुमत नपुग्ने थाहा हुँदाहुँदै १५ दिनभिन विश्वासको मत लिने गरी मुख्यमन्त्रीमा नियुक्त गरी सपथसमेत दिलाएकोमा उनको चर्को आलोचना भयो। अन्तत: सांसद खरिद-बिक्री हुन सक्ने आशंकामा विपक्षीहरू तुरुन्त विश्वासको मत लिन भारतको सुप्रिम कोट गुहारे। सुप्रिम कोटको आदेशले गत जेष्ठ ५ गते विश्वासको मत लिनुपर्ने भयो। अन्तत: विश्वासको मतका क्रममा शक्ति परीक्षण नै नगरी वक्तव्य दिएर ५५ घन्टाअघि अर्थात् जेठ ३ गते बिहीबार मात्र मुख्यमन्त्रीमा नियुक्त भएका यदियुरप्पाले राजीनामा दिन बाध्य भएका थिए। 'बाठो खान्छ तीन बल्ड्याङ' भनेझैं यो घटनाले धार्मिक हिसाबले गरिएको भनिने मोदीको नेपाल भ्रमणको सफलता उनका लागि उल्टो साबित भएको देखियो।

### अस्थिर मानसिकतामा हामी :

भारतीय जनता पार्टीका सांसद कीर्ति आजादले 'जनकपुर सुगौली सन्धिका कारण २ सय वर्षका लागि नेपाललाई दिइएको र अब नरेन्द्र मोदीले फिर्ता लिएर मिथिला राज्य गठन गर्नुपर्छ' भनी ट्वीट गरे भनेर एकताका नेपालमा बजार तात्यो। आखिर को थिए कीर्ति आजाद ? के उनी भारतीय सरकारका आधिकारिक प्रवक्ता थिए ? भारतीय सरकारका मन्त्री थिए ? भारत सरकारका कार्यकारी व्यक्ति थिए ? २०५६ सालतिर भारतीय सिने कलाकार ऋतिक रोशनले एउटा अन्तर्वार्तामा आफूलाई नेपाल र नेपाली मन पर्दैन भनेझैं भारतीय एउटा सांसदले सामाजिक सञ्जालमा लेखे भन्दैमा उनलाई चाहिनेभन्दा बढी महत्व हामीले ऊ बेला दियौं। 'चोरले खुट्टो काट भन्दा खुट्टो उचाले' जस्तो गर्‍यौं। यो पनि आवश्यक थिएन। बढी भो। कतै हाम्रो अस्थिर मानसिकता त यसमा पोखिएको छैन ? सोच्नै पर्ने हुन्छ।

पाठक पत्र

### असारे विकासको छानबिन होस्

असारमा सडकमा गरिएको लगानीको पूर्णरूपमा मूल्यांकन गर्ने बेला आएको छ। विगतका वर्षझैं यो वर्ष पनि सडकमा गरिएको लगानी खेर जाने अवस्था छ। कतिपय ठाउँमा त काम नभएको जस्तै भइसकेको छ। कालोपत्रे उप्किएको छ। कतिपय नाली विस्तार नगरेरै खनिएका सडकमा यस्तो समस्या बढेको गुनासो धेरै आउन थालेको छ।

कार्यकर्ता भिजाउनका लागि वडा-वडामा गरिएको सडक विकासले धेरै विकृति ल्याएको छ। यस्ता विकृति रोक्दै अब स्थानीय सरकारले सडकमा हुने लगानीलाई व्यवस्थित र पारदर्शी बनाउनुपर्ने देखिएको छ। जति करोड पनि लगानी गर्न मिल्ने र जति लाख पनि सकिएको बिल देखाउन मिल्ने सडकमा धेरै लगानी गर्नुले पनि बदमासी हुन सक्ने आशंका गर्ने ठाउँ प्रशस्त छ।

हरेक स्थानीय तहले गाउँ वा नगरसभाबाटै नीति पास गरेर नालीसहितको पक्की सडक निर्माण गर्नेबारे गुरुयोजनामार्फत काम अगाडि बढाउनु जरुरी छ। यसो नगरे हरेक वर्ष सडकमा लगानी हुने रकम वर्षातको भेलझैं अर्थहीन हुन्छ। असार महिनामा बजेट सक्न र कार्यकर्ता पोस्न छरिने रकमले न विकास भएको छ न त समृद्धि ? व्यापक भ्रष्टाचार गर्न विकासका काम असार महिनालाई थाती राखेर करोडौं कुम्ल्याउनेहरूको माथिसम्मै साँठगाँठ रहेको प्रस्ट हुन्छ। त्यसैले असारमा गरिएका विशेष गरी सडकका कामको छानबिन होस्।

*- सुरज विक, काठमाडौं।*

# डा. देवकोटाजस्तै भगवान् बन्न खोज



सर्मिला बुढाथोकी

डाक्टर उपेन्द्र देवकोटा, जसले धेरैलाई जीवनदान दिए। उनी जति बेला मानिसलाई मृत्युको मुखबाट खोसेर जीवनदान दिइरहेका हुन्थे शायद सोच्थे होलान्- चित्रगुप्तले निर्धारण गरेको उमेरको सीमा मैले फेरबदल गरिदिन सक्छु। तर त्यो उनको भ्रम मात्र थियो, जुन कुरा उनले आफ्नो जीवनकालमै स्वीकार गर्न सके। उनको लागि चित्रगुप्तले उमेरको जुन सीमा निर्धारण गरिदिएका थिए, चाहेर पनि उनले त्यसलाई नाघ्न सकेनन्। शायद उनले चित्रगुप्तको समयसीमा नाघ्न सकेको भए अरू धेरैले जीवनदान पाउन सक्ने थिए। प्रकृतिको नियम आखिर कसले उल्लंघन गर्ने ?

मृत्यु सत्य हो, यो सत्यलाई थोरैले मात्र आफ्नो जीवनकालमा स्वीकार गर्न सक्छन्। ती थोरैमा परेका छन् डाक्टर उपेन्द्र देवकोटा। उनले आफू जीवित रहँदै मृत्युलाई स्वीकार गर्न सके। यदि उनले यसलाई स्वीकार गर्न नसकेको भए शायद उनको शरीर बेलायतको भूमिमा लीन हुने थियो होला। अनि उनले न त आफ्नो जन्मघरको पिँढीमा बसेर सुस्ताउने आकांक्षा पूरा गर्न सक्थे, न गाउँको धाराको पानी पिउने र खोलामा खुट्टा डुबाउने चाहना नै पूरा गर्न सक्थे।

डा. उपेन्द्र देवकोटाको योग्यता र क्षमतालाई हेर्दा, उनी विश्वको जुनसुकै मुलुकमा रहेर पनि स्थापित हुन सक्ने थिए। आफ्नो जीवनकालमा अथाह सम्पत्ति आर्जन गर्न सक्ने थिए। तर उनले सम्पत्तिलाई कहिल्यै प्राथमिकता दिएनन्। उनको राष्ट्रप्रेम, उनको भावना र कोमल मनले पैसालाई कहिल्यै प्राथामिकता दिएन। उनको प्राथमिकता सधैं नेपाल र नेपाली नै रह्यो।

बिरामीको उपचार सधैं औषधिले मात्र गर्दैन, स्वास्थ्यकर्मीको व्यवहार र आँटले पनि बिरामीको आधी रोग ठीक गर्छ भन्ने मान्यता रहिआएको छ। कतिपय अवस्थामा त्यो सत्य साबित भएको पनि छ। डा. उपेन्द्र देवकोटाले उपचार गरेका कतिपय बिरामी उनको उपचार विधि र व्यवहार दुबै कारणले ठीक भएका छन्। बिरामीको रोगको वास्तविकता बुझेर त्यहीअनुसार उपचार गर्नु र बिरामीलाई उच्च मनोबल प्रदान गर्न सधैं हौसला तथा आँट दिनु डा. देवकोटाको विशेषता हो। त्यसैले उनलाई धेरै बिरामीले भगवान् नै ठान्दथे। डा. देवकोटाको उपचार विधि र बिरामीसँग गर्ने व्यवहारलाई सबै स्वास्थ्यकर्मीले आत्मसात् गर्न सकेको खण्डमा कुनै पनि नेपालीले उपचारको लागि धेरै ठाउँमा भौंतारिने र अनावश्यक खर्च गर्ने अवस्थाबाट मुक्ति पाउन सक्ने थिए।

अहिले पनि धेरै त्यस्ता स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरू छन्, जसले बिरामीलाई गर्ने व्यवहार विवादित हुने गरेको छ। न बिरामीसँग राम्रो व्यवहार, न रोगको बारेमा बिरामी तथा आफन्तलाई तथ्यगत जानकारी, न शुल्क र उपचार पद्धतिबारे जानकारी। बिरामीलाई उपचार पद्धतिबारे गुमराहमा राख्ने र एकैपटक डिस्चार्ज हुने बेलामा अस्वाभाविक बिल थमाउने कतिपय अस्पतालहरूको गतिविधिले बिरामी तथा आफन्तलाई सधैं आहत बनाउने गरेको छ। यो कुरामा डा. देवकोटाको फरक तरिका थियो। डा. देवकोटाले सञ्चालन गर्नुभएको न्युरो अस्पतालमा उपचार महँगो नै थियो तर उनले अस्पतालमा आउने हरेक बिरामीलाई उपचार पद्धति र लाग्ने शुल्कबारे शुरूमै जानकारी गराउने गरेका थिए। कुनै बिरामी आर्थिक अभावकै कारण उपचारबाट वञ्चित हुने अवस्थामा नि:शुल्क उपचार सेवासमेत दिने गर्थे। सबैभन्दा ठूलो कुरा उनले बिरामीलाई सधैं उच्च मनोबल प्रदान गर्न सधैं भरोसायोग्य साथ दिने गर्थे।

न्युरो अस्पताल सञ्चालन र बिरामीलाई उपचार सेवा दिनु महँगो हुने र नेपालमा त्यस्ता बिरामीहरूले उपचार सेवा लिन कठिन हुने महसुस गरेर नै डा. उपेन्द्र देवकोटाले सकेसम्म सरकारी लगानीमा उच्चस्तरको सेवासहितको सर्वसुलभ न्युरो अस्पताल सञ्चालन गर्ने प्रयत्न गरे। त्यो सम्भव नभएपछि निजीस्तरमा केही महँगो शुल्क लाग्ने नै भए पनि आमनेपालीलाई सेवा पुग्ने गरी सुविधा सम्पन्न न्युरो अस्पताल सञ्चालन गरेर धेरै नेपालीको ज्यान जोगाउन सके। अहिले पनि नेपालमा सरकारीस्तरको न्युरो, मुटुरोग, हाडजोर्नी, किड्नी, क्यान्सर अस्पतालको आवश्यकता रहेको छ। त्यसैले सरकारले डा. देवकोटाको सम्झनामा विशेषज्ञ सेवासहितको सुविधा सम्पन्न अस्पताल सञ्चालनको पहल गर्नुपर्छ। सर्वसुलभ ढङ्गले आमनेपालीले उपचार सेवा प्राप्त गर्ने वातावरण निर्माण हुनुपर्छ।

अहिले झन्डै दुई तिहाइ बहुमतसहितको सरकार छ। केपी ओली नेतृत्वको सरकारमा सहभागी अधिकांश मन्त्रीहरू उच्च इच्छाशक्ति भएका युवाहरू नै छन्। प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारको मूल नारा विकास र समृद्धिलाई सार्थक तथा सफल बनाउन शिक्षा, स्वास्थ्यजस्ता कुरामा ध्यान दिनुपर्ने हुन्छ। त्यसैले मुलुकको स्वास्थ्य क्षेत्रको अवस्थामा परिवर्तन गर्न डा. उपेन्द्र देवकोटाको आदर्श र योजनालाई आत्मसात् गर्न सकेको खण्डमा सफलता मिल्न सक्छ कि भन्ने तथ्यगत आधारहरू धेरै छन्। अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरूको योग्यता, व्यवहारलगायतका विषयमा पनि एउटा निश्चित मापदण्ड तयार गरेर त्यसलाई निजी तथा सरकारी अस्पतालमा लागू गर्न सकियो भने त्यसले देशको स्वास्थ्य क्षेत्रमा देखिएको समस्या समाधानमा केही हदसम्म सहयोग पुर्‍याउन सक्नेछ। राम्रा र योग्य स्वास्थ्यकर्मीहरूलाई थप अध्ययन र अवसरको लागि सरकारले नीति बनाउने र निष्पक्ष ढङ्गले कार्यान्वयन गर्ने हो भने पनि त्यसले स्वास्थ्य क्षेत्रमा देखिएको समस्या समाधानमा उपलब्धिमूलक निकास दिन सक्नेछ।

अपवादबाहेकको अवस्थामा डा. उपेन्द्र देवकोटासँग उपचार सेवा लिने बिरामी र तिनका आफन्तले उनलाई भगवान् ठान्दछन्। भगवान् ठान्नुको कारण उनको उपचार विधि प्रभावकारी भएर मात्र हैन, उनले बिरामीलाई गर्ने व्यवहार, बिरामीलाई प्रदान गर्ने आत्मबल र रेखदेखको कारण पनि उनी सबैको भगवान् भनिएका हुन्। हरेक बिरामीलाई डा. देवकोटासम्म पुग्न सके बाँच्न सकिन्थ्यो कि भन्ने लाग्थ्यो। अब हरेक स्वास्थ्यकर्मीले बिरामीका लागि डा. देवकोटाजस्तै बन्ने अठोट कस्नु जरुरी छ। स्वास्थ्यकर्मीको व्यवहार र अठोट बिरामीको आत्मबल बढाउने खालको छ भने त्यसले पक्कै राम्रो नतिजा दिन सक्छ। त्यसैले सरकारले हरेक स्वास्थ्यकर्मीलाई असल व्यवहारको लागि कानुनीरूपमै प्रेरित गर्ने वातावरण निर्माण गर्नुपर्छ। सबै स्वास्थ्यकर्मीले डा. देवकोटाको आदर्शलाई पछ्याएका छन् कि छैनन्, त्यो खोजीकै विषय बन्नुपर्छ। यदि सबै स्वास्थ्यकर्मीले डा. देवकोटाको आदर्शलाई पछ्याउन सकेको भए अहिले जसरी स्वास्थ्य क्षेत्रमा समस्या देखिएको छ, त्यो पक्कै देखिने थिएन होला। त्यसैले अब हरेक स्वास्थ्यकर्मीले आफ्नो जिम्मेवारी र बिरामीलाई गरिरहेको व्यवहारको आत्मसमीक्षा गर्दै डा. देवकोटाको आदर्शलाई व्यवहारमा कार्यान्वयन गर्ने प्रयत्न गर्नुपर्छ। डा. देवकोटाजस्तै हरेक स्वास्थ्यकर्मी बिरामीको भगवान् बन्नुपर्छ।

## सामाजिक सञ्जाल




जर्सीको चर्चा सेलाए पनि शहरमा चर्चा मार्सीको छ, केसीको छ, इन्टरनेटमा अन्तशुल्क झनै बेसी छ।

**Tika Bandhan**
**@Tikabandhan**



च्यांखे दाउमा ख्याल-ख्याल गर्दागर्दै डा. केसीको जीवन धरापमा परे त्यो झनै महँगो पर्न जान्छ। उहाँको स्वास्थ्य स्थिति निकै गम्भीर बन्दै गएछ। यस्तो समयमा सत्तामा रहेकाको जिम्मेवारी पक्कै पनि बेसी हुन्छ। दम्भ त्यागौं, उहाँको जीवन बचाऔं।

**bhojraj pokharel**
**@PokharelBhojraj**



नकारात्मक कुरालाई जति प्राथमिकताका साथ समाचार बनाइन्छ यहाँ त्यति नै प्राथमिकताका साथ समाज परिवर्तनका कुरालाई समाचार बनाइदिने हो भने केही हदसम्म जनमानसमा सकारात्मक भावना पक्का आउँथ्यो होला।

**Muna Thapa Magar**
**@MunaThapa**

‘यो शैक्षिक मेलामा विदेशमा पठाउनेलाई जस्तो परामर्श नहोस, विदेशीलाई पनि नेपालमा अध्ययन गर्ने वातावरण बनाउन ठोस कदम चाल्नुस्।’ उच्च शिक्षामा नेपालको राम्रो सम्भावना भएको र नेपालका बुद्धिजम, हिमालयलगायतका विषयवस्तुहरु विश्वविद्यालयीय शिक्षामा अन्तर्राष्ट्रियकरण गरी नेपाललाई शैक्षिक गन्तव्य बनाउनुपर्ने बताउनुभयो।

# विदेशको ज्ञान नेपालमा सदुपयोग गर्न आग्रह

**नेपाल समाचारपत्र**

काठमाडौं



परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले विदेश अध्ययन गर्न गएका विद्यार्थीले नेपालमै आएर योगदान गर्नुपर्ने बताउनुभएको छ। उहाँले समृद्ध नेपाल निर्माण हुन लागेको अवस्थामा विदेशमा अध्ययन गरेको ज्ञान नेपालमा सदुपयोग गर्न आग्रह गर्नुभएको छ।

हिजो बिहीबारदेखि शुरु भएको १२औं ई-क्यान फेयरको उद्घाटन गर्दै उहाँले नेपाललाई एजुकेसन हब बनाउनुपर्ने धारणा राख्नुभयो। उहाँले भन्नुभयो- ‘यो शैक्षिक मेलामा विदेशमा पठाउनेलाई जस्तो परामर्श नहोस, विदेशीलाई पनि नेपालमा अध्ययन गर्ने वातावरण बनाउन ठोस कदम चाल्नुस्।’ उच्च शिक्षामा नेपालको राम्रो सम्भावना भएको र नेपालका बुद्धिजम, हिमालयलगायतका विषयवस्तुहरू विश्वविद्यालयीय शिक्षामा अन्तर्राष्ट्रियकरण गरी नेपाललाई शैक्षिक गन्तव्य बनाउनुपर्ने बताउनुभयो। पछिल्लो समयमा नेपालमा शिक्षाप्रतिको चेतना बढ्दै गएको बताउँदै उहाँले चेतनाअनुसार नै अभिभावकलाई ज्ञान दिन आग्रह गर्नुभयो।

उच्च शिक्षा अध्ययनका लागि विदेश जान चाहने विद्यार्थीहरूलाई लक्षित आयोजना गरिएको मेला साउन ६ गतेसम्म चल्नेछ। नेपालका लागि अस्ट्रेलियन राजदूत पिटर वर्गले ठूलो संख्यामा नेपाली विद्यार्थीहरू अस्ट्रेलियामा अध्ययन गरिरहेको सन्दर्भमा उनीहरूको गुणस्तरीय शिक्षाका लागि निरन्तर चासो लिएको बताउनुभयो।

श्रीलंकाली राजदूत स्वर्ण परेरा, भारतीय तथा रसियन राजदूतावासका प्रतिनिधि, नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष नरेश श्रेष्ठ, प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन, हिसानका अध्यक्ष रमेश सिलवाल, अभिभावक संघ नेपालका उपाध्य सुभाष भण्डारीलगायतको सहभागिता रहेको थियो।

२ सय २६ भन्दा बढी स्टल रहेको मेलामा सयभन्दा बढी स्वदेशी परामर्श दातृसंस्थाको सहभागिता रहेको छ। मेलामा अस्ट्रेलिया, युरोप, जापान, अमेरिका, क्यानाडा, कोरिया, मलेसिया, फिलिपिन्स, भारतलगायत देशका परामर्शदातृसहित विभिन्न १७ वटा पेभिलियन रहेको छ। मेलामा एकै स्थानमा विश्वका उत्कृष्ट गन्तव्य मुलुकहरूको शिक्षा प्रणाली र अवसरको विषयमा जानकारी दिइनेछ भने विशेषत: अमेरिका, अस्ट्रेलिया, न्युजिलैन्ड, क्यानडा, जापान, श्रीलंका, डेनमार्कलगायत युरोपियन मुलुकहरू तथा छिमेकी राष्ट्रहरू भारत र चीनका विभिन्न विश्वविद्यालय तथा कलेजको प्रतिनिधित्व गर्ने शैक्षिक परामर्शदाताहरूसँग साक्षात्कार हुनेछ।

## १२ हजार ४ सय मुद्दा फछ्र्यौट

काठमाडौं, (नेस)

काठमाडौं जिल्ला अदालतले झण्डै १२ हजार ४ सय मुद्दाहरू फछ्र्यौट भएको जनाएको छ। २०७५ असार मसान्तसम्म विभिन्न प्रकृतिका १२ हजार ३ सय ८३ वटा मुद्दाहरू फछ्र्यौट भएको अदालतले जानकारी दिएको हो।

गत आर्थिक वर्ष २१ हजार ३ सय ९० वटा मुद्दा दर्ता भएका थिए। ७ हजार ३ सय ७८ वटा जिम्मेवारी सरेको र १४ हजार १२ वटा नयाँ मुद्दाहरू दर्ता भएको काठमाडौं जिल्ला अदालतका प्रवक्ता कृष्णप्रसाद नेपालले जानकारी दिनुभयो।

अदालत स्रोतका अनुसार २ वर्ष नाघेका २ सय ८७ वटा मुद्दाहरू छन्। यस्तै १ वर्ष ६ महिना नाघेका ५ सय १ मुद्दाहरू रहेका छन्। काठमाडौं जिल्ला अदालतका प्रवक्ता नेपालले भन्नुभयो- ‘धेरै जना प्रतिबादी भएका मुद्दाहरू ढिलो फछ्र्यौट हुन्छन्। यस्तै, प्रतिवादी फरार भइरह्यो भने पनि मुद्दाहरू फछ्र्यौट गर्न समय लाग्ने हुन्छ।’

२०७४/०७५ मा ३ हजार ३८ वटा मुद्दाहरू सम्बन्ध विच्छेद शीर्षकमा दर्ता भएकोमा २ हजार ४ सय ३ वटा मुद्दाहरू फछ्यौंट भएको काठमाडौं जिल्ला अदालतले जनाएको छ। यस्तै विद्युतीय कारोबार सम्बन्धी १ सय ४ वटा मुद्दा दर्ता भएकोमा ६० वटा फछ्र्यौट भएको काठमाडौं जिल्ला अदालतका प्रवक्ता नेपालले जानकारी दिनुभयो।

विभिन्न प्रकृतिका ९ सय २ वटा मुद्दाहरू मेलमिलापका लागि पठाइएका छन्। जसअन्तर्गत १ सय ८८ वटा मुद्दाहरू सफल भएका छन् भने ६ सय वटा मुद्दाहरू सफल हुन सकेनन्। काठमाडौं जिल्ला अदालतले २०७४/०७५ मा गरेको कार्यप्रगतिका बारेमा अदालत कक्षमै बिहीबार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो।

## २५ हजार घूससहित पक्राउ

काठमाडौं, (नेस)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घूससहित वरिष्ठ कृषि विकास अधिकृत रामनन्दन यादवलाई नियन्त्रणमा लिएको छ। गहुँबाली चक्रको वृत्तचित्र निर्माण गर्ने कार्य सम्पन्नपश्चात सेवाग्राहीसँग घूस मागिरहेको सूचनाका आधारमा आयोगको कार्यालय कञ्चनपुरबाट खेटेको टोलीले उनलाई नियन्त्रणमा लिएको हो।

उनले सेवाग्राहीसँग सम्झौताबमोजिमको रकमबाट ५० प्रतिशत हुन आउने २५ हजार घूस माग गरेका थिए। प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाइ सुपरजोन (गहुँ) कैलालीका परियोजना प्रमुख वरिष्ठ कृषि विकास अधिकृत यादवमाथि अनुसन्धान भइरहेको छ।

## अवैध मदिरा नष्ट

काठमाडौं, (नेस)

महानगरीय प्रहरी बृत्त नयाँ बानेश्वरबाट खटिएको प्रहरी टोलीले काठमाडौं महानगरपालिका-३१ शान्तिनगर सुकुम्बासी बस्तीबाट बुधबार बरामद गरेको अवैध घरेलु मदिरा, घरेलु मदिरा उत्पादन गर्न प्रयोग हुने अखाद्य सामग्री तथा मदिरा उत्पादन गर्न प्रयोग हुने भाडाहरू स्थानीय भद्रभलादमीहरू तथा सञ्चारकर्मीहरूको रोहबरमा नष्ट गरिएको छ।

प्रहरीले तयारी घरेलु मदिरा २ हजार ६ सय लिटर, मदिरा बनाउने कच्चा पदार्थ ६ हजार लिटर, घरेलु मदिरा छ्याङ ५ हजार लिटर, छ्याङ बनाउन प्रयोग हुने कच्चा पदार्थ ५ सय लिटर, सख्खर ४ सय केजी र यूरिया मल ३० केजी बरामद गरी नष्ट गरेको हो।

## अस्पताललाई अनशनस्थल नबनाउन आग्रह

**नेपाल समाचारपत्र**

काठमाडौं

त्रिभुवन विश्वविद्यालयले त्रिवि शिक्षण अस्पताललाई अनशनस्थल नबनाउन आग्रह गरेको छ। लगातार १९ दिनदेखि अनसनरत डा. केसीको आन्दोलनको समर्थनमा त्रिविका चिकित्सक र कर्मचारीले आन्दोलन गर्न शुरु गरेपछि त्रिविले विज्ञिप्त जारी गर्दै चिकित्सक र सबै कर्मचारीलाई नियमित काम गर्न आग्रह गरेको छ।

यस संस्थामा आबद्ध भएर पनि केही चिकित्सक प्राध्यापन गर्ने कार्यमा संलग्न नहुने, बिरामीहरूको स्वास्थ्य उपचारमा संलग्न नहुने, शिक्षण, प्रशिक्षण र परीक्षामा संलग्न नहुने जस्ता गतिविधिले विश्वविद्यालयको ध्यान गम्भीर रूपमा आकर्षित भएको जनाएको छ।

डा. केसीले राखेका मागहरूको बारेमा वार्ता टोली गठन गरेको कुराप्रति त्रिभुवन विश्वविद्यालय हार्दिक स्वागत गर्दछ। चिकित्सा क्याम्पसमा कार्यरत सार्वभौम जनताका जनप्रतिनिधिहरूले सम्बोधन गर्ने विचाराधीन विषयलाई अनेकन ढंगबाट दबाब दिने उद्देश्यले उपचारका लागि आउने बिरामीहरूको स्वास्थ्य सेवामा असर पार्ने गरी शिक्षण अस्पताल र केन्द्रहरूमा कुनै पनि माग राख्ने कार्य गर्नु, गर्न खोज्नु अत्यावश्यक सेवा ऐन, सम्मानित सर्वोच्च अदालतबाट पटकपटक जारी भएका आदेश, विश्वविद्यालयको ऐन, नियम र विनियमको विपरीत हुने विज्ञप्तिमा उल्लेख छ।

विगतमा त्रिवि. शिक्षण अस्पतालमा अनशन बस्ने कार्यले शिक्षण अस्पताल र अन्य केन्द्रहरूमा स्वास्थ्य उपचारका लागि आउने बिरामीहरू संविधानले प्रदान गरेको स्वास्थ्यसम्बन्धी मौलिक हकबाट वञ्चित हुनुपरेको, करोडौं रुपियाँ हानी नोक्सानी र आर्थिक घाटा बेहोर्नुपरेको जनाएको छ।

त्रिविले जारी गरेको विज्ञप्तिमा जनतालाई स्वास्थ्य उपचारका लागि दिने सेवामा बाधा अड्चन सृजना गर्न खोज्ने कुनै पनि संघ, समूह वा व्यक्तिको भ्रममा नपरी संस्थाको ऐन, नियम तथा चिकित्सकीय धर्म विपरीत नगई सदाझैं बिरामीहरूको स्वास्थ्य उपचार र प्राध्यापन गर्ने कार्यमा कर्तव्यनिष्ठ रूपमा संलग्न भइदिनुहुन चिकित्सक, प्राध्यापक, प्राविधिक अप्राविधिक प्राध्यापक, कर्मचारीहरू एवम् चिकित्सक विद्यार्थीहरूमा त्रिभुवन विश्वविद्यालय हार्दिक अपिल गर्दछ भनिएको छ।

## नागरिक अस्पतालद्वारा पत्रकारलाई ५० प्रतिशत छुट

**नेपाल समाचारपत्र**

भक्तपुर

नागरिक सामुदायिक टिचिङ अस्पताल गठ्ठाघरले जिल्लामा क्रियाशील पत्रकारहरूलाई उपचारमा ५० प्रतिशत छुटको व्यवस्था गरेको छ। अस्पतालले आयोजना गरेको एक कार्यशालामा अस्पतालका प्रबन्ध सञ्चालक नागेन्द्र झाले पत्रकारलाई ५० प्रतिशत र नेपाल पत्रकार महासंघले सिफारिस गरेका नागरिकलाई २० प्रतिशत उपचारमा छुट प्रदान गर्ने घोषणा गरेका हुन्।

अस्पतालले भक्तपुरमा रहेका पत्रकारहरूका लागि कन्सल्टेन्ट ओपीडी र अप्रेसनबाहेकका सेवामा यतिको छुट प्रदान दिने भएको हो। उनले अहिले १०० बेडमा सेवा प्रदान गरिरहेको अस्पतालको स्तरोन्नति गरेर केही समयमै २०० बेडको बनाउने तयारी पनि भइरहेको प्रबन्ध सञ्चालक झाले जानकारी दिए।

कार्यक्रममा झाले अस्पतालको क्षमता वृद्धिसँगै रेडियोग्राफी, फार्मेसीलगायतका सेवाहरू पनि थप गर्ने योजना बनाएको बताए। उनले अहिले अस्पतालमा रहेको २० कोटाको बीएस्सी नर्सिङ सेवालाई वृद्धि गरेर ४० कोटामा पुर्‍याउने बताए। डोर टु डोर सेवा प्रदान गर्नका लागि अस्पतालले आगामी दिनमा राजधानी काठमाडौंमा रहेका ग्रान्डी, नर्भिकलगायतका अस्पतालको सहकार्यमा सेवा प्रवाहलाई प्रभावकारी बनाउने तयारीअनुसार छलफल अन्तिम चरणमा पुगेको नागरिक अस्पतालका वृत्त निर्देशक भुवनचक्र जोशीले जानकारी दिए।

नागरिक अस्पतालले जनचाहना र मागलाई मध्यनजर गर्दै आगामी दिनमा उपत्यकाबाहिरका जिल्लामा पनि सेवा प्रदान गर्ने योजना बनाएको जोशीले बताएका छन्। अस्पतालका प्रबन्ध सञ्चालक झाको सभापतित्वमा भएको उक्त कार्यशालामा अस्पतालका निर्देशकहरू नवीन श्रेष्ठ, जितेन्द्र श्रेष्ठ, नेपाल पत्रकार महासंघ भक्तपुर शाखाका अध्यक्ष पुस्करराज बुढाथोकी, अस्पतालका प्रशासन प्रमुख मञ्जु तिमिल्सेनालगायतका करिब १ दर्जनबढी पत्रकारहरूको सहभागीता रहेको थियो।

अस्पतालले अहिले इमर्जेन्सी भेन्टिलेटरसहित १० शैयाको आईसीयू सेवा, इन्डेयुरोलोजी सेवा, मुटुरोग सेवा, प्रसूति तथा स्त्रीरोग सेवा, बालरोग सेवा, फिजियोथेरापी सेवा, दन्तरोग सेवा, परिवार नियोजन सेवा, सुरक्षित गर्भपतन सेवा, अल्ट्रासाउन्ड, ईसीजीलगायतका सेवाहरू प्रदान गर्दै आइरहेको छ।

## जेब्राक्रसबिना ट्राफिक नियममा कडाइ

**नेपाल समाचारपत्र**

काठमाडौं

ललितपुर लुभुका रमेश शर्मा बिहीबार जावलाखेलमा सडक पार गर्न खोज्दा अलमलमा परे। सडक पार गर्न खोज्दा उनले सडकमा जेब्राक्रस नदेख्दा उनी अलमलमा परेका हुन्। ‘सडकमा जेब्राक्रस नै देखिनँ’ उनले भने- ‘जेब्राक्रसको लाइन हेर्दाहेर्दै बरु आँखै दुख्यो तर लाइन भेटिनँ।’

जेब्राक्रसको लाइन नभेटेपछि जथाभावी बाटो काटेको भन्दै ट्राफिक प्रहरीको कारबाहीमा पर्ने सुनेको उनले उही डरले सडक छेउमा उभिएर एकछिनसम्म जेब्राक्रसको लाइन हेर्दै थिए। जेब्राक्रसको नामनिशान मेटिसकेको भए पनि अलिअलि देखिएको लाइनलाई जेब्राक्रस सम्झिएर उनी सडक पार गर्न भ्याए।

त्यस्तै कुपण्डोलमा भेटिएकी जानकी पौडेलले पनि सडकमा जेब्राक्रस मेटिँदा सडक पार गर्न अलमलमा परिन्। महानगरीय ट्राफिक प्रहरी महाशाखाले असार ३१ देखि जेब्राक्रस, अन्डरपास र आकाशेपुल हुँदाहुँदै पनि जथाभावी बाटो काट्नेलाई आधा घण्टा सडकमै राखेर सचेतना कक्षा शुरू गरेको छ।

सडकमा पैदल यात्रीको सुरक्षालाई मध्यनजर गर्दै यस्तो अभियान थालेको महाशाखाले जनाएको छ। तर सडकमा पैदल हिँडेरै सडक पार गर्न जेब्राक्रस मेटिसकेको छ। चाहिने स्थानमा आकाशे पुल छैन। यस्तो अवस्थामा नयाँ नियमको सँगसँगै संरचनालाई पनि विकास गर्नुपर्ने जानकारहरूको भनाइ छ।

जसले गर्दा पैदल यात्रीलाई बाटो काट्नै असहज भइरहेको छ। सडकमा जेब्राक्रस, आकाशे पुल, ट्राफिक लाइट, ट्राफिक चिह्न सडक विभागले बनाउनुपर्दछ। विभागसँग यस शीर्षकका लागि यस आर्थिक वर्षमा खर्च गर्न १० करोड बजेट छ।

तर सडकमा पैदल यात्रीका लागि न लाइनिङ छ, न मेटिएको जेब्राक्रस फेरि कोरेको छ। यी सबै काम बन्न भदौ असोज महिना कुर्नुपर्ने हुन्छ। सडक विभागका प्रवक्ता मुक्ति गौतमले वर्षात्को समय शुरू भइसकेकाले अब भदौ असोजमा मात्रै काम शुरू गर्ने बताउनुभयो। ‘हामीसँग बजेट पर्याप्त छ। वर्षात् शुरू भयो। पानीमा यस्तो काम गर्नुभएन।,’ उहाँले भन्नुभयो- ‘भदौतिर ठेक्का गरेर काम गर्ने सोचेका छौं।’

त्यस्तै गरी, ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता सुरेन्द्रप्रसाद मैनालीले जेब्राक्रस, अन्डरपास र आकाशे पुल भएर पनि सडक जथाभावी काट्ने स्थानलाई केन्द्रित गरेर सचेतनामूलक अभियान चलाएको बताउनुभयो। ‘हामीले जेब्राक्रस प्रष्ट देखिने सँगै बाटो पार गर्न सक्ने आकाशे पुल भएर पनि जथाभावी सडक पार गर्न खोज्नेका लागि सचेतना गराउन यो अभियान चलाएका हौं,’ -उहाँले भन्नुभयो।

आकाशे पुल, अन्डर पास र जेब्राक्रस नदेखेको स्थानमा सचेतना अभियान नचलाएको उहाँले स्पष्ट पार्दै नभएको स्थानमा आवश्यकता पहिचान गर्दै थप गर्न सुझाव गरेको बताउनुभयो। उहाँका अनुसार १७ स्थानमा पैदेल यात्रीका लागि लाइन कोर्न, ३२ स्थानमा ट्राफिक बत्ती थप गरी राख्न सुझाव दिएको छ।


सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, समस्या समाधान, पठनपाठनमा सफलता।
**वृष** : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता प्राप्ति।
**मिथुन** : कार्यसिद्धि, सन्तान-सुख, धन-सम्पत्ति प्राप्ति, लाभ।
**कर्कट** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, परिवारमा विवाद, तनाव।
**सिंह** : द्रव्य लाभ हुनेछ, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ।
**कन्या** : धनलाभ, मन स्थिर, सुख-सन्तोष, उपलब्धिमूलक खर्च हुनेछ।
**तुला** : धन प्राप्ति, उपहार, कोसेली प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**वृश्चिक** : अस्वस्थता, इष्टमित्रसँग विवाद, दुर्घटनाको सम्भावना छ।
**धनु** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**मकर** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, जोश-जाँगर बढ्ने।
**कुम्भ** : राज्य-सुख, व्यापारिक सफलता, यश-ऐश्वर्य वृद्धि।
**मीन** : रोगको भय, कार्यमा बाधा, धन हानि, अस्वस्थता हुनेछ।



# प्रदेश-३



सरकारले परीक्षामा कसैलाई पनि अनुत्तीर्णको प्रमाणपत्र नदिने भने पनि 'डी' र 'ई' ग्रेड ल्याउनेले भर्ना नपाउने नीतिबाट अघोषित रुपमा त्यस्ता विद्यार्थी अनुत्तीर्ण भएको विश्लेषण शिक्षाविद्को छ।

## ५ सय ४४ जनाले पढ्न पाएनन् कक्षा-११

रोशन पराजुली, हेटौंडा

माध्यमिक शिक्षा परीक्षा (एसईई) पास भएर पनि ग्रेड कम हुँदा मकवानपुरका ५ सय ४४ जनाले ११ कक्षा पढ्न पाएनन्। यो नतिजाले जिल्लाको शिक्षा प्रणाली अझै पनि माथि नउठेको पुष्टि हुने शिक्षाविद्हरू बताउँछन्।

सरकारले कोही पनि फेल नहुने प्रणाली लागू गरे पनि पास भएका भनिएका विद्यार्थी कक्षा-११ मा भर्ना हुन नपाउँदा विद्यार्थी तथा अभिभावक अन्यौलमा छन्। हेटौंडा उपमहानगर शिक्षा शाखा अधिकृत शारदा मैनालीले १.६५ भन्दा तल जीपीए ल्याउनेले ११ कक्षा पढ्न नपाउने बताउनुभयो।

जिल्ला शिक्षा कार्यालय मकवानपुरका अनुसार मकवानपुरमा १.६५ जीपीएभन्दा तल ल्याउने ५ सय ४४ विद्यार्थी छन्। उनीहरूका लागि ११ कक्षाको ढोका बन्द भएको कार्यालयको भनाइ छ। सो स्तरीकृत अंक 'डी प्लस' समान हुन्छ।

सरकारले परीक्षामा कसैलाई पनि अनुत्तीर्णको प्रमाणपत्र नदिने भने पनि 'डी' र 'ई' ग्रेड ल्याउनेले भर्ना नपाउने नीतिबाट अघोषित रुपमा त्यस्ता विद्यार्थी अनुत्तीर्ण भएको विश्लेषण शिक्षाविद्को छ। अक्षरांकन पद्धतिमा ३० देखि ४० प्रतिशतलाई 'डी प्लस' को ग्रेड निर्धारण गर्दै 'आंशिक स्वीकारयोग्य' का रुपमा व्याख्या गरिएको छ।

मैनालीका अनुसार १.६५ भन्दा तल जीपीए ल्याउनेले ११ कक्षा पढ्न नपाए पनि सीटीईभीटीलगायत विभिन्न तालिम लिन पाउने बताउनुभयो। मकवानपुरका पाँच सय ४४ विद्यार्थीले सीटीईभीटीको १८ महिने तालिम लिनुपर्ने वा ग्रेडवृद्धि परीक्षा दिनुपर्ने मैनालीले बताउनुभयो।

विद्यार्थीले विज्ञान पढ्न विद्यार्थीले २ जीपीए अनिवार्य ल्याउनुपर्ने मकवानपुर बहुमुखी क्याम्पसले जनाएको छ। २ जीपीएभन्दा तल ल्याउनेले विज्ञान पढ्न पाउँदैनन्। २ जीपीए ल्याउनेले विज्ञान पढ्न पाए, तर विज्ञान र गणितमा 'सी प्लस' र अंग्रेजी, सामाजिक र नेपालीमा 'डी प्लस' ल्याउनैपर्छ।

नाम चलेका कतिपय विद्यालयका विद्यार्थीले ३ जीपीए ल्याए पनि तोकिएअनुसार विषयगत ग्रेड नपुगेको भन्दै क्याम्पसले विज्ञान संकायमा भर्ना लिएका छैनन्। कक्षा-११ मा व्यवस्थापन पढ्न नेपाली, सामाजिक, गणित, अंग्रेजी र विज्ञानमा 'डी प्लस' ल्याउनैपर्छ। कम्तिमा १.६५ जीपीए हुनैपर्छ।

मानविकी संकाय पढ्न पनि कम्तिमा १.६५ जीपीए आउनुपर्ने तथा नेपाली, अंग्रेजी र सामाजिकमा 'डी प्लस' हुनैपर्ने प्रावधान छ। शिक्षा विषय पढ्न पनि कम्तिमा १.६५ जीपीएका साथ नेपाली, अंग्रेजी र सामाजिकमा 'डी प्लस' ल्याउनैपर्छ।

अंग्रेजी, गणित, विज्ञान र कम्प्युटर विषय पढ्न चाहनेले न्यूनतम जीपीए २ अर्थात् 'सी' ग्रेड ल्याउनैपर्छ। यसका साथै अंग्रेजी र गणितमा न्यूनतम 'सी प्लस', अंग्रेजीमा न्यूनतम 'सी', सामाजिक र नेपालीमा न्यूनतम 'डी' ग्रेड ल्याउनैपर्छ। योभन्दा कम ग्रेड ल्याउनेले यीबाहेक अरु जे विषय पनि पढ्न पाउँछन्।

शिक्षा मन्त्रालयले २०७३ असार २ गते माथिल्लो कक्षा पढ्न अंग्रेजी, गणित, सामाजिक विषयमा जीपीए २ ल्याउनैपर्ने व्यवस्था गरेको थियो। तर, त्यसको १३ दिनपछि अर्थात् २०७३ असार १५ गते माथिल्लो कक्षा पढ्न १.६५ जीपीए ल्याए पुग्ने निर्णय गरेको थियो।

शिक्षाविद्हरूले पास भएका विद्यार्थीले कलेज पढ्न पाएनन् भने मनोवैज्ञानिक असर पर्ने बताएका छन्। 'सरकारले नीति ल्याउँदा त्यसको अध्ययन गरेर ल्याउनुपर्छ,' शिक्षाविद् भन्छन्- 'निम्नस्तरमा पास हुने विद्यार्थीले कलेज पढ्न पाएनन् भने त्यसको मानसिक असर गम्भीर हुन्छ।'

पास भएर पढ्न नपाउनुभन्दा पुनः परीक्षा दिएर राम्रो अंक ल्याउन प्रोत्साहन गर्नुपर्ने उनीहरूको तर्क छ। तल्लो ग्रेड ल्याउने विद्यार्थीमा कलेज पढ्न नपाउँदा मानसिक असर पर्ने तर्क राखिएको छ। पास भयो तर पढ्न पाइएन भने मानसिक असर बढी हुन्छ।

## जनप्रतिनिधिले बुझे पहिलो 'तलब'

हेटौंडा, (नेस)

लामो प्रतीक्षापछि हेटौंडा उपमहानगरपालिकाका जनप्रतिनिधिले एक वर्षको एकमुष्ट आर्थिक सुविधा बुझेका छन्। ३ नम्बर प्रदेश सरकारले स्थानीय तहका लागि जनप्रतिनिधिको सेवासुविधा तोकेसँगै प्रदेशले कानुन निर्माण गरेर राजपत्र प्रकाशित गरेपश्चात् स्थानीय तहका पदाधिकारीलाई सेवासुविधा आएको हो।

नगरप्रमुख, उपप्रमुख, नगर कार्यपालिका सदस्य, वडाअध्यक्ष र वडा सदस्यहरूले करिब ११ करोड १२ लाख रुपियाँ सुविधा बुझेका हुन्। उपमहानगर मेयर, उपमेयर, १९ वडाका वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्यले १ वर्षको सुविधावापत् एकमुष्ट रकम खातामा पठाइएको हेटौंडा उपमहानगरपालिका लेखा शाखाले जनाएको छ।

३ नम्बर प्रदेशसभाले बनाएको प्रदेश ऐनअनुसार उपमहानगरपालिकाले मेयरले प्रतिमहिना ४० हजार सुविधा र २ हजार ५ सय रुपियाँ सञ्चार सुविधा प्राप्त गरेका छन्। उपमेयरलाई प्रतिमहिना ३५ हजार र सञ्चार सुविधा २ हजार रुपियाँ, वडा अध्यक्षलाई प्रतिमहिना २२ हजार र सञ्चार सुविधा १ हजार रुपियाँ छ। कार्यपालिका सदस्यलाई ७ हजार ५ सय र वडा सदस्यहरूलाई प्रतिमहिना ६ हजार ५ सय रुपियाँ छ। उपमहानगर मेयरलाई १ वर्षको एकमुष्ट ४ लाख ८० हजार र ३० हजार र सञ्चार खर्च खातामा जम्मा गरिएको लेखा शाखा प्रमुख सुवेदीले जानकारी दिनुभएको हो। उपमेयरलाई १ वर्षको ४ लाख २० हजार र सञ्चार खर्च २४ हजार एकमुष्ट खातामा जम्मा गरिएको छ।

४ जना वडा सदस्य जिल्ला समन्वय समितिमा मनोनित भएकाले १९ वडाका जम्मा ७२ सदस्यलाई सरकारका तर्फबाट प्रतिमहिना ६ हजार ५ सयका दरले ५ करोड ६१ लाख ६ हजार एकमुष्ट रकम खातामा जम्मा गरिएको लेखा शाखाले जानकारी दिएको छ। नगर कार्यपालिकामा मनोनित ३ जना सदस्यलाई प्रतिमहिना ७ हजार ५ सयका दरले १ वर्षको एकमुष्ट २ लाख ७० हजार भुक्तानी गरेको हो। १९ वटै वडाका वडाध्यक्षलाई १ वर्षको ५ करोड १६ लाख र सञ्चार खर्च २ लाख २८ हजार खातामा जम्मा गरिएको शाखा प्रमुख सुवेदीले जानकारी दिनुभयो।

## भकारो सुधारको अनुदान रकम वितरण



पनौती, (नेस)

काभ्रेको पनौती नगरपालिकाभित्रका पशुपालक कृषकहरूलाई भकारो सुधारका लागि अनुदान रकम हस्तान्तरण गरिएको छ। पनौतीमा एक कार्यक्रमको आयोजना गरी करकट्टि गरेर प्रतिकृषक ५ हजार रुपियाँका दरले बिहीबार उक्त अनुदान रकम वितरण गरिएको हो। भकारो सुधारबाट कृषकहरूलाई पशुपालनमा केही सहजता हुने बताइएको छ। सुपरजोन टौखाल कृषक समूहका अध्यक्ष सुमन श्रेष्ठका अनुसार यो कार्यक्रमबाट कृषकहरू लाभान्वित भएका छन्।

## बनेपा बसपार्कका सटरको व्यवस्थापन गरिँदै

नेपाल समाचारपत्र

काभ्रे

बनेपा नगरपालिकाको बसपार्कमा रहेका सटर कवलहरू मनलाग्दी रुपमा भाडामा लगाउने व्यवसायीलाई नगरपालिकाले च्यापेको छ। एउटाले सम्झौता गरेको सटर एकपछि अर्को गर्दै सटरको व्यापार भएको वर्षौंपछि नगरपालिकाले व्यवस्थापन शुरु गरेको हो।

जनप्रतिनिधिविहीन अवस्थामा कर्मचारीहरूको निर्देशनलाई अटेर गरी भाडा नतिर्ने व्यवसायीहरूलाई कारबाही शुरु गरिएको छ। नगरपालिकाको आर्थिक वर्ष २०७३/२०७४ को लेखा परीक्षणमा समेत सटरको व्यवस्थापन गरी आम्दानी दाखिला गर्न निर्देशन दिइएको थियो। बसपार्कमा रहेको पसल कवल भाडा ६६ जना व्यक्ति तथा संघसंस्था र समितिलाई भाडामा दिएको छ। भाडामा लगाएका मध्ये १० जनाले मात्र पूरा भाडा बुझाएका छन्। ५६ जनाले भाडाबापत् नगरपालिकालाई ३२ लाख ७३ हजार ६ सय २६ रकम बुझाउन बाँकी छ। ५६ जनालाई हटाउने र सम्झौताअनुसार जरिवानासमेत असुल गर्न निर्देशन दिएको छ। नगरपालिकामा जनप्रतिनिधि आएलगत्तै व्यवस्थापन गर्न खोजिएको बसपार्कका सटरहरूमा पुरानै व्यवसायीहरू बस्न चाहे पनि नयाँ सम्झौता र पुरानो भाडा जरिवानासहित असुल्न निर्देशन दिएको छ।

खुल्ला प्रतिस्पर्धामा उक्त बसपार्कलाई व्यवसायमा लगाउन सरोकारवालाहरूले निर्देशन दिएका छन्। एउटाले सटर लिएर अर्कोलाई बिक्री गरी भाडा नतिर्ने प्रकृयाको अन्त्य गर्न नयाँ सम्झौता गर्ने र सटरको भाडा दर कायम गर्ने तयारी गरिएको छ। यसअघि एउटै सटरमा व्यवसाय गरिरहेका परिवारले नै आत्महत्या गरेपछि नगरपालिकाभित्रको सटरको अवस्था सार्वजनिक भएको थियो। लेखा परीक्षणमा साविक बनेपा नगरपालिका रहँदाको अवस्थामा १ सय ८९ जनाको नाममा पेश्की बाँकी देखाएको छ। २ करोड ४१ लाख २६ हजार ५७ रुपियाँ पेश्की र आर्थिक वर्ष २०७३/२०७४ मा चालु र पूँजिगत पेश्की ५ करोड ३१ लाख ७६ हजार ८ सय १४ समेत गरी ७ करोड ७३ लाख २ हजार २ सय ४१ रुपियाँ पेश्की फछ्र्यौट गर्न बाँकी छ। साविक टुकुचा गाविसको आव २०७२/२०७३ को १ लाख ४३ हजार ३ सय र आर्थिक वर्ष २०७३/२०७४ को २ लाख २० हजार ४ सय २२ पेश्की फछ्र्यौट गर्न बाँकी छ। साविक उग्रतारा जनगाल गाउँ विकास समितिको अघिल्लो वर्षको ११ लाख १३ हजार ५ सय १९ र आर्थिक वर्ष २०७३/२०७४ को ७ लाख ६ हजार ६ सय ४० रुपियाँ रहेको छ। साविक महेन्द्रज्योति गाविसका २४ उपभोक्तालाई १० लाख ८३ हजार ९ सय २८ रुपियाँ पेश्की बाँकी छ। पछिल्लो वर्षको १ लाख ३६ हजार रुपियाँसमेत फछ्र्यौट गर्न बाँकी छ। आर्थिक वर्ष २०७३/२०७४ को लेखा परीक्षणमा बनेपा नगरपालिकाको ६ करोड ४० लाख ५२ हजार बेरुजु देखिएको छ। असुल गर्नुपर्ने ५ लाख ७९ हजार, नियमित गर्नुपर्ने ८९ लाख ६४ हजार र पेश्की ५ करोड ४५ लाख ९ हजार रहेको छ।


## वर्गीकृत डिस्प्ले







## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरु**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०


## आम्दानी धेरै, खर्च थोरै

नेपाल समाचारपत्र

काभ्रे

जिल्लामा गत आर्थिक वर्षको अन्त्यमा १ अर्ब ५५ करोड ७७ लाख ३६ हजार ४ सय २२ रुपियाँ राजश्व संकलन भएको छ। लक्ष्यभन्दा धेरै राजश्व संकलन भएको कोष तथा लेखा नियन्त्रक कार्यालय काभ्रेका प्रमुख केदार सिं देउजाले जानकारी दिए।

प्रमुख देउजाका अनुसार जिल्लामा दुईवटा बैंकमा राजश्व रकम जम्मा हुने गरेको छ। नेपाल बैंक बनेपा शाखामा ३५ करोड ४० लाख राजश्व संकलन भएको थियो भने राष्ट्रिय बाणिज्य बैंक धुलिखेल शाखामा १ अर्ब २० करोड ३७ लाख राजश्व संकलन भएको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा झण्डै आधा अर्ब राजश्व थप भएको हो। चालु वर्षदेखि कर कार्यालयलाई समेत अपग्रेड गर्दै अधिकार सम्पन्न बनाएपछि थप राजश्व संकलन हुने अपेक्षा गरिएको छ। मालपोत कार्यालय, जिल्ला प्रशासनलगायतका कार्यालय राजश्व संकलन गर्नेमा पहिलो कार्यालयका रुपमा चिनिन्छन्। जिल्ला प्रशासनमा राहदानीबापत्को राजश्व संकलन हुन्छ भने मालपोत कार्यालयमा जग्गा खरिदबिक्रीसम्बन्धी राजश्व धेरै संकलन हुने गरेको छ। असार ३२ गते एक दिनमा मालपोत कार्यालयमा १ करोड ५७ लाख राजश्व संकलन जम्मा भएको थियो। असार महिनामा मात्रै ९ करोड १० लाख राजश्व संकलन गरेको मालपोतले आर्थिक वर्षको अन्त्यसम्ममा ६६ करोड ३४ लाख ९९ हजार ९ सय ४५ रुपियाँ संकलन गरेको छ।

जिल्ला अदालत, जिल्ला वन, घरेलु तथा साना उद्योग कार्यालयलगायतका कार्यालयले पनि राजश्व संकलन गर्छन्। आम्दानीको तुलनामा जिल्लामा खर्च हुन सकेको छैन। चालू खर्च ९२.१३ प्रतिशत खर्च भएको भए पनि पूँजिगत खर्च ७७.४७ प्रतिशत रकम मात्रै खर्च भएको छ। चालुतर्फ १४ अर्ब ७५ करोड ४६ लाख ६७ हजार ५ सय २८ विनियोजन भएकोमा १३ अर्ब ५९ करोड २९ लाख, ५६ हजार १ सय ७० रुपियाँ खर्च भएको छ। खर्च हुन नसकेको रकम १ अर्ब १६ करोड १७ लाख ११ हजार ३ सय ५७ रुपियाँ खर्च हुन सकेको छैन।


## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३,४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● **SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658** ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

साउने संक्रान्ति मनाएर राति १० बजे सुतेका उनीहरु १ बजे ठूलै विपत्तिमा परे। घरमाथिबाट आएको पहिरोले बस्ती नै बगाउने अवस्था आएपछि रातमा भागेर ज्यान बचाए तर अब कसरी बस्ने भन्ने चिन्ता छ।



# सवारी दुर्घटनाबाट १ सय ६६ को मृत्यु

**नेपाल समाचारपत्र**

डोटी

आर्थिक वर्ष २०७४/०७५ मा प्रदेश ७ मा २ सय १९ सवारी साधन दुर्घटनामा १ सय ६६ जनाको मृत्यु भएको छ। क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय अत्तरियाले दिएको जनकारीअनुसार अघिल्लो आर्थिक वर्षको भन्दा यस आर्थिक वर्षमा सवारी दुर्घटनामा कमी आएको तथ्यांकमा देखाएको छ। यस आर्थिक वर्षमा प्रदेश-७ मा १९ ट्याङ्कर, ३५ बस, ३१ जिप-कार, २७ ट्याक्टर, ७ टेम्पो, ८२ मोटरसाइकल, १६ साना सवारी र २ अन्य गरी जम्मा २ सय १९ सवारी साधन दुर्घटनामा परेको क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय अत्तरियाका प्रहरी निरीक्षक टेकबहादुर जोराले जानकारी दिनुभयो।

उहाँका अनुसार हरेक आर्थिक वर्षमा मोटरसाइकल बढी सवारी दुर्घटनामा पर्ने गरेको र यस आर्थिक वर्षमा पनि सबैभन्दा बढी सवारी दुर्घटनामा मोटरसाइकल रहेका छन्। ट्राफिक प्रहरीको तथ्यांकअनुसार प्रदेश-७ मा आर्थिक वर्ष २०७१/०७२ मा २ सय ११, ०७२/७३ मा २ सय ७ र ०७३/७४ मा २ सय ५५ ओटा सवारी साधन दुर्घटनामा परेको तथ्यांकमा उल्लेख छ। ट्राफिक प्रहरीको तथ्यांकअनुसार गत आर्थिक वर्षको भन्दा यस आर्थिक वर्षमा दुर्घटनामा केही कमी आएको छ। यस आर्थिक वर्षमा सवारी दुर्घटनामा परी १ सय १३ जना पुरुष, ३६ जना महिला र १७ जना बालबालिका गरी जम्मा १६६ जनाको मृत्यु भएको छ।

त्यस्तै १ सय ३३ जना गम्भीर घाइते भएका छन् भने २ सय ५ जना सामान्य घाइते भएका ट्राफिक प्रहरीले जनाएको छ। अघिल्लो आर्थिक वर्षको भन्दा यस आर्थिक वर्षमा सवारी दुर्घटनामा कमी आएको भए पनि मानवीय क्षति भने यस आर्थिक वर्षमा वृद्धि भएको क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय अत्तरीयाको तथ्यांकमा उल्लेख गरिएको छ।

क्षेत्रीय ट्राफिक प्रहरी कार्यालयका अनुसार यो आर्थिक वर्षमा सवारी घटनामा परी सबैभन्दा बढी डोटीका स्थानीयले ज्यान गुमाएका छन्। प्रदेश ७ को पहाडी जिल्लाभन्दा तराईका जिल्ला कैलाली र कञ्चनपुरमा बढी दुर्घटना हुने गरेको भए पनि तराईका जिल्लामा सवारी दुर्घटनामा विगतभन्दा केही कमी भएको छ। ट्राफिकको नियम पालना नगर्नु, क्षमताभन्दा दोब्बर यात्रु तथा सामान राख्नु, मदिरा सेवन गरी सवारी साधन चलाउनु र सडकको अवस्था राम्रो नहुनु सडक दुर्घटनाका प्रमुख कारण रहेको क्षेत्रीय ट्राफिक प्रहरी निरीक्षक टेकबहादुर जोराले दाबी गर्नुभयो।

# दुर्घटना रोक्न ट्राफिक प्रहरी सक्रिय

**नेपाल समाचारपत्र**

बारा



बढ्दो सवारी दुर्घटना न्यूनीकरणका लागि प्रदेश नम्बर २ प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैया बाराले बुधबारबाट सवारी निरीक्षण तथा सचेतना कार्यक्रम शुरू गरेको छ।

सवारी साधानको दुरावस्था र चालकको लापरबाहीका कारण हुने दुर्घटना न्यूनीकरण गर्न प्रदेश नम्बर २ को ट्राफिक प्रहरीले बाराको अमलेखगंजबाट अभियान शुरु गरेको हो। अभियानअन्तर्गत ट्राफिक प्रहरी तथा अटो मोबाइल कम्पनीका प्राविधिकसहित टोलीले राजमार्गमा गुडिरहेका यात्रुवाहक सवारी साधनको प्राविधिकरुपमा चेकजाँच गर्नुका साथै सुरक्षित यात्राका लागि चालक तथा यात्रुलाई परामर्शसमेत दिएका थिए। एमबी.दुगड ग्रुप विवेक अटो मोबाइल प्रालि बाराका मर्मत सम्भार शाखा प्रमुख अजितकुमार मिश्र नेतृत्वको टोलीले सवारी चेकजाँच गर्नुका साथै समान्य मर्मतसमेत गरेको थियो। चेकजाँचका क्रममा अधिकाश टाटा सुमो र यात्रु बसको टायर कमजोर रहेको र क्षमताभन्दा बढी यात्रु बोकेको तथा प्राविधिकरुपमा सवारीलाई चुस्त दुरुस्त नराखेको पाइएको प्राविधिक मिश्रले जानकारी दिए। उनले चेकजाँच गरिएका ३ सय सवारी साधनमध्ये ४० प्रतिशत सवारीको अवस्था खराब पाइएको जानकारी दिए।

प्रदेश ट्राफिक प्रहरी कार्यालय प्रदेश नम्बर २ पथलैयाकी प्रहरी उपरीक्षक किरण बज्राचार्यले विगतमा प्रहरीले गर्दै आएको भन्दा पृथकरुपमा सवारी निरीक्षण र परामर्श दिने अभियान शुरु गरेको बताइन्। 'नियमअनुसार नचलेका सवारीलाई पनि दण्ड जरिवाना गरिएको छैन', बज्राचार्यले भनिन्- 'चालकलाई सचेत तुल्याएर दुर्घटना न्यूनीकरणलाई दिगो र प्रभावकारी पार्न अभियान शुरु भएको हो।' उनले चेकजाँचको क्रममा फेला पारिएका सबै त्रुटि टिपोट गरी सम्बन्धित चालकलाई बुझाइएको र एक साताभित्र सुधार गर्न अनुरोध गरिएको पनि जानकारी दिइन्। 'सबै विषयमा राम्ररी सम्झाई बुझाई गरी पठाइएको छ', उनले भनिन- 'अर्को चेकजाँचमा कार्यान्वयन गरेको नपाइए थप कारबाही अघि बढाइनेछ।' चालक र यात्रुहरूले पनि प्रहरीको यो अभियानको प्रशंसा गरेको बताइन्। उनले चालक र यात्रु दुवैलाई प्रहरीप्रति आश्वस्त तुल्याउन र दुर्घटना न्यूनीकरण गर्न अभियान प्रभावकारी देखिएको पनि बताइन्। प्रहरीले प्रत्येक दुई सातामा प्रदेश २ का ८ वटै जिल्लामा पर्ने राजमार्गमा नियमित सवारी चेकजाँच र परामर्श दिने कार्य जारी राखिने जनाएको छ।

## अदालतमा ढिलासुस्ती

राजविराज, (नेस)

सप्तरी जिल्ला अदालतमा २ वर्षअघिका मुद्दाको चाङ लागेको छ। २ वर्षअघिका मुद्दा बाँकी नराख्ने लक्ष्य रहे पनि अदालतमा २०७३ जेठ ३१ गते अघिका ६ सय ४७ वटा मुद्दाको फैसला हुन सकेको छैन।

अदालतमा २०६९ सालदेखिका मुद्दा फछ्र्यौंठ हुन बाँकी रहेको श्रेष्तेदार दिलकुमार बर्देवाले बताए। दरबन्दी अनुपातमा न्यायाधीस नहुँदा मुद्दा फैसला प्रभावित भएको उनको भनाइ छ। न्यायाधीस कम हुँदा अदालते आव २०७४/०७५ मा ३४ दशमलव ८९ प्रतिशत मात्रै मुद्दा फैसला गर्न सकेको छ। सप्तरी जिल्ला अदालतमा ९ न्यायाधीशको दरबन्दी भए पनि ५ जना मात्रै कार्यरत छन्।

जिम्मेवारी सरेका ३ हजार ३ सय ५८ र नयाँ दर्ता भएका ६ हजार ६ सय ६० मुद्दामध्ये यो वर्ष २ हजार ३ सय २४ वटाको मात्र अन्तिम किनारा लागेको श्रेष्तेदार बर्देवाले बताए। मुद्दाको चापका अनुपातमा न्यायाधीसको कमी, भएका न्यायाधीस र कर्मचारी प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय निर्वाचनमा खटिनुपरेका कारण फैसला प्रभावित भएको उनले दाबी गरे।

# नारायणको उपचारका लागि जुट्यो २ लाख ६४ हजार

**विमल विष्ट, डोटी**

करेन्ट लागेर दुवै हात गुमाएका नारायण खड्काको उपचारका लागि २ लाख ६४ हजार ६ सय ३० रुपियाँ आर्थिक सहयोग जुटेको छ। आर्थिक अभावका कारण उपचारमा समस्या आएको समाचार प्रकाशन भएपछि उनको उपचारका लागि आर्थिक सहयोग संकलन गर्न लागिएको हो। आर्थिक संकलनका क्रममा हालसम्म विभिन्न समूहले सहयोग गरिरहेको उनका आफन्त होटेल व्यवसायी संघ डोटीका अध्यक्ष एवं आर्थिक संकलन अभियानका सुरुआतकर्ता दीपकबहादुर खड्काले बताउनुभयो। उहाँले आफ्नै नेतृत्वमा १ लाख २४ हजार ७ सय ४५ रुपियाँ संकलन भएको बताउनुभयो।



खड्काले संकलन गरेको रकममध्ये ६७ हजार ९ सय ९५ पीडित नारायण खड्काकी श्रीमती कौसिल्ला बोगटीको नाममा राष्ट्रिय वाणिज्य बैंक सिंहदरबार, काठमाडौं शाखामा खोलिएको खातामा जम्मा गरिएको छ भने बाँकी रकम उपचारका क्रममा काठमाडौंमा रहेका नारायणका जेठा बुबाका छोरा योगेन्द्र खड्काको नाममा रहेको खातामा जम्मा गरिएको छ। कौसिल्लाको नाममा खाता खोल्नुपूर्व संकलन भएको रकम योगन्द्रको नाममा पठाइएको खड्काले जानकारी दिनुभयो। त्यस्तै निर्माण व्यवसायी संघ डोटीका प्रथम उपाध्यक्ष रमेशबहादुर खडायतको पहलमा १ लाख २२ हजार २ सय रुपियाँ संकलन भएको छ। स्थानीय समाजसेवी गणेश भट्ट र नयनबहादुर खड्कालगायतको सहयोगमा संकलन गरिएको उक्त रकम कौसिल्लाको खातामा जम्मा गरिएको खडायतले बताउनुभयो।

यस्तै खप्तड युवा समाज काठमाडौंले १५ हजार ६ सय ८५ रुपियाँ संकलन गरेको छ। यस्तै हर्क देउवा र योगेन्द्र कठायतले एक/एक हजार रुपियाँ खातामा जम्मा गरिदिएका छन्। विद्युत्को स्पेर पोल झिक्ने क्रममा गएको असार १९ गते पोल ढल्न गई करेन्ट लागेर गम्भीर घाइते भएका डोटीको आदर्श गाउँपालिका-१ का २६ वर्षीय नारायण खड्काको काठमाडौंस्थित कीर्तिपुर अस्पतालमा उपचार भइरहेको छ। उनका दुवै हात काम नगर्ने भएपछि काटिएका छन् भने ढाडको शल्यक्रिया भएको छ। उनको टाउको र खुट्टमा समेत समस्या रहेको छ। उक्त घटनामा पनि स्थानीय ४ युवाले घटनास्थलमै ज्यान गुमाएका थिए भने नारायण घाइते भएका थिए। समाचार प्रकाशन भएपछि आर्थिक सहयोग संकलन गर्न सहज भएको दीपक खड्काले बताउनुभयो। उहाँले विदेशबाट समेत सहयोग गर्ने आश्वासन आइरहेको जानकारी दिनुभयो।

## एकै दिन बलात्कारका दुई उजुरी

बाग्लुङ, (नेस)

बुधबार जिल्ला प्रहरी कार्यालय बाग्लुङमा दुईवटा बलात्कारका उजुरी दर्ता भएका छन्। बाग्लुङको जैमिनी नगरपालिकामा एक बालिका बलात्कृत भएकी छिन् भने बडिगाड गाउँपालिकामा नाताले हजुरबा पर्ने मानिसबाट एक महिला बलात्कृत भएकी छिन्।

बाग्लुङको बसिडगाड गाउँपालिका-१ दगातुङडाँडाका ५३ वर्षीय नन्दराम घर्तीलाई नाताले नातिनी पर्ने ३९ वर्षीया एक महिलालाई जबरजस्ती करणी गरेको आरोपमा प्रहरीले गिरफ्तार गरेको हो। पीडित महिलाले घर्तीले आफूलाई मादकपदार्थ सेवन गरी ०७५ असार २१ गते रातिको समयमा जबरजस्ती करणी गरेको भन्दै जिल्ला प्रहरी कार्यालय बाग्लुङमा ०७५ साउन २ गते उजुरी दिएपछि प्रहरीले सोही दिन गिरफ्तार गरेको हो।

बाख्रा किनेर घर फर्कदैं गरेका घर्ती रात परेको भन्दै पीडितको घरमा बास बसेका थिए। पीडित महिलाका पतिसँगै साँझको खाना खाएर मापदपदार्थ सेवन गरेका घर्तीले रातको १ बजे आफूलाई जबरजस्ती करणी गरेको महिलाले उजुरीमा उल्लेख गरेकी छिन्।

महिलाको साउन २ गते धौलागिरि अञ्चल अस्पताल बाग्लुङमा स्वास्थ्य परीक्षण गरिएको छ। त्यस्तै बाग्लुङको जैमिनी नगरपालिका-९ का २८ वर्षीय एक युवालाई जिल्ला प्रहरी कार्यालय बाग्लुङले जैमिनी-४ की १६ वर्षीया एक बालिकालाई ०७५ साउन २ गते बिहान जबरजस्ती करणीको गरेको भन्दै गिरफ्तार गरेको छ।

मुद्दा नं. ७५-०७४-००४९१ जग्गा खिचोला मेटाइ चलन मुद्दामा अ.व १०२ नं. तथा जिल्ला अदालत नियमावलीको नियम २२(क) नं. बमोजिम मोरङ जिल्ला अदालत बाट जारी भएको दिलकुमार लिम्बु नाउँको ३० दिने समाव्हान म्याद

उप्रान्त सम्बन्धमा वादी जिल्ला मोरङ बेलबारी न.पा. वडा नं. ४ बस्ने वर्ष ४३ को रामकुमारी राई र प्रतिवादी जिल्ला मोरङ बेलबारी न.पा. वडा नं. ३ बस्ने अं.वर्ष ५५ को दिलकुमार लिम्बु समेत भएको जग्गा खिचोला मेटाइ चलन मुद्दामा तपाईको नाउँमा म्याद बेपत्ते भई आएकोले मिति २०७५।०३।३० को आदेशानुसार तपाईको नाउँमा म्याद सूचना यस राष्ट्रिय दैनिक पत्रिका बाट जारी गरिइएको छ । सूचना जारी भई प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३० (तिस) दिन भित्र आफ्नो प्रमाण लिई अदालत खुलेको समयमा आफैं, वा कानुन व्यवसायी मार्फत प्रतिउत्तर फिराउनु होला। म्यादमा हाजिर नभए मुद्दा ऐन बमोजिम फैसला हुनेछ, पछि तपाईको उजूर लाग्ने छैन ।

इति सम्वत्२०७५ साल असार २० गते रोज ४ शुभम्.......।

**सूचना**

यस नेपाल फूल कन्ट्याक्ट कराते महासंघ एवम्-महासंघका पदाधिकारीका विरुद्ध झुट्ठा भ्रामक कपोकल्पीत आरोप लगाई राष्ट्रिय खेलकुद परिषद्मा लिखित उजुरी दर्ता गराएको सम्बन्धमा यस महासंघको गम्भिर ध्यानाकर्षण भई परिषद्ले महासंघलाई गरेको पत्राचार समेतमा प्रमाण सहित लिखित पेश गरि गलत झुट्ठा कार्य एवम् भ्रामक आरोप लगाउने महासंघका तपसील पदाधिकारी एवम् सदस्यहरुलाई महासंघको मिति २०७५/०२/२० को निर्णय बमोजिम ७ (सात) दिनको म्याद दिई लिखित स्पष्टिकरण पेश गर्न पत्राचार गरिएकोमा तपसिल बमोजिमका व्यक्तिले पत्र बुझि जवाफ पेश नगरेको हुँदा महासंघको मिति २०७५/०४/०३ गतेको बैठकको निर्णय बमोजिम पुन: ३ (तीन) दिनको म्याद दिई पुन: लिखित स्पष्टिकरण माग गर्ने एवम् सूचना प्रकाशित गर्ने निर्णय भएको हुँदा सम्बन्धीत सबैको लागि सूचना प्रकाशति गरिएको छ ।

तपशिल

| | |
|---|---|
| १) प्रेमनाथ श्रेष्ठ- उपाध्यक्ष | ४) केदारेश्वर मान स्थापीत- सदस्य |
| २) राजेन्द सुवेदी- उपाध्यक्ष | ५) सन्जु महर्जन- सदस्य |
| ३) दिपक बहादुर गोदार- सदस्य | ६) सूर्य बहादुर बुढाथोकी- सदस्य |

**नेपाल फूलकन्ट्रयाक्ट कराते महासंघ**
त्रिपुरेश्वर, काठमाडौ

**साधारण सभाको सूचना**

यस शहीद स्मारक प्रकृति प्रतिष्ठान (साविक त्रिभुवन स्मारक समिति) को निम्नलिखित मिति र स्थानमा साधारण सभा हुने भएकोले उक्त सभामा सम्पूर्ण सदस्यहरु उपस्थित हुन र नविकरण गर्न बाँकी सदस्यहरुले सदस्यता नविकरण गर्न आउन हुन अनुरोध गरिन्छ ।

**मिति** :- २०७५ साल श्रावण १९ गते शनिवार विहान ८ बजे ।

**स्थान** :- ओलम्पस क्लब , ओमबहाल का.म.न.पा. २३ काठमाण्डौं ।

**शहीद स्मारक प्रकृति प्रतिष्ठान**
महांकालस्थान ४२२२८४९

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

## पहिरोपीडित सुकुम्बासीको पीडा

# न बस्ने घर, न बनाउने ठाउँ

**दुर्गाप्रसाद शर्मा, जलजला, पर्वत**

आफ्नो भन्ने जमिन थिएन। २ दशकअघि सुकुम्बासीका नाममा पाएको भिरालो पाखो पनि मंगलबार राति आएको पहिरोले बगायो। सुकुम्बासीको रुपमा भिरालो पाखो जमिन पाएपछि बनाएको घर पनि पहिरोले बगायो। अब न बस्ने बास छ न घर बनाउने ठाउँ नै बाँकी छ।

जलजला गाउँपालिका वडा नं ८ लस्ती वरनेटामा मंगलबार राति पहिरो जाँदा विस्थापित भएका २२ घर सुकुम्बासी परिवारको पीडा हो यो। २०५४ सालमा घर बनाउन भिरालो जमिनमा सुकुम्बासीका नाममा पाएको जमिन र घर बगाइदिएपछि उनीहरू सडकमा पुगेका छन्। 'भएको घर पनि पहिरोले बगायो', नजिककै लस्ती सनराइज बोर्डिङमा आश्रय लिएर बस्दै आएका सन्ते परियारले भने- 'अब घर बनाउनलाई जमिन पनि बाँकी छैन।' केटाकेटीलाई यो वर्षामा कता लगेर ओत लगाउने हो भन्ने चिन्ता रहेको उनले बताए।

छिमेकी धाइरिङबाट २०२७ सालमा बसाइ सरेका ८० वर्षे वृद्ध झरसिंह दर्जीका आँखा आँशुले भरिएका छन्। आफ्ना ४ जना छोरा, नाती र २ छोरीको गरी ७ घर पहिरोमा परेपछि बुढेसकालमा कल्पनासम्म नगरेको पीडा थपिएको महसुस उनले गरेका छन्। 'सन्तानले बस्ने बास पाउलान् भनेर सुकुम्बासीका रुपमा पाएको सबै जमिन र घर बगाइदियो', उनले भने- 'मेरा सन्तानको बिचल्ली यो बुढेसकालमा देख्नुपरेको छ' पहिरोले छोरा बमबहादुरको घर बगाउँदा १६ वर्षे नाति विकास परियारको मृत्यु भएको छ। उनका छोरा बमबहादुर, सन्तबहादुर, रामबहादुर र गोपालबहादुर तथा छोरी विष्णु र टुकाको घर पनि बस्ने अवस्थामा छैन। नाति गुमाउनुको पीडा र परिवारका सदस्यहरू सडकमा पुगेको देख्नै नसकेको उनको भनाइ छ। 'सोच्दै नसोचेको भयो हजुर, म बूढो त सम्हालिन सकेको छैन, अरुले मन बुझाउने कसरी होला' -उनले आँखाभरी आँशु बनाउँदै भने।



बरनेटा बस्तीमा माथिबाट आएको पहिरोले ४ घर बगाएको छ भने ९ घर पूर्णरुपमा क्षति भएका छन्। १४ घर पनि पूर्ण जोखिममा छन्। बरनेटामा अब बस्ती बसाल्न सम्भव नभएको निष्कर्ष पीडितहरूको छ। साउने संक्रान्ति मनाएर राति १० बजे सुतेका उनीहरू १ बजे ठूलै विपत्तिमा परे। घरमाथिबाट आएको पहिरोले बस्ती नै बगाउने अवस्था आएपछि रातमा भागेर ज्यान बचाए तर अब कसरी बस्ने भन्ने चिन्ता छ। घर चर्किएको र फेरि पनि पहिरो आउने खतरा भएकाले घरमा बस्ने अवस्था नभएको श्रीलाल परियार बताउँछन्। 'अब यो गाउँमा बस्न सक्ने अवस्था छैन', उनले भने- 'गाउँमा अन्यत्र घर बनाएर बस्ने जमिन किन्न पैसा पनि छैन, कसरी केटाकेटीलाई वर्षे भरी ओताउने हो भन्ने चिन्ता छ।'

बरनेटामात्रै होइन लस्तीखोलामा आएको बाढीले लस्तीबजार नै जोखिममा परेको छ। खोलाको बाढीले जमिन कटान जारी राखेको छ। लस्तीबजारका दिननाथ आचार्य, कृष्णबहादुर पुन, लक्ष्मी नेपाली, समीक्षा चोचांगी, मानबहादुर चोचांगी, बम्बे दमाईको घर जोखिमा परेको छ। जमिन खोलाले कटान गर्दै घरमै पुगेको दिननाथ आचार्यले जानकारी दिए। 'हामी पनि बस्न सक्दैनौं, सुरक्षित स्थानमा सार्नुपर्ने आवश्यकता छ', उनले भने- 'बस्ती नै स्थानान्तरण गरेर अन्यत्र बसाल्न आवश्यक छ।'

जलजला गाउँपालिकाका अध्यक्ष यामबहादुर मल्ल (रामकृष्ण) पहिरो र बाढी पीडितलाई तत्काल विद्यालयमा राखिएको बताउँछन्। 'बस्ती नै स्थानान्तरण गर्नुपर्ने अवस्था भएकाले जमिन खोज्ने, खोला संरक्षण गर्ने र अन्य विकल्पका बारेमा गाउँपालिकाले छलफल गरेर आवश्यक निर्णय गर्छौं' -उनले भने।

प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले पहिरो पीडितलाई तत्काल राहत दिइएको र पुन:स्थापना नै गर्नुपर्ने अवस्थामा स्थानीय तहसँग समन्वय गरेर अघि बढ्ने जानकारी दिए।

# विश्व

**अपराधी**
भारतको चेन्नईस्थित अदालतमा ल्याइएका अनुहार छोपिएका बाल बलात्कारीहरु।



**गुनासो**
भारतीय अभिनेत्री राजश्री देसपान्डेले नेटफ्लिक्स सिरिजको आफ्नो सेक्स सिनलाई पोर्न क्लिपका रुपमा भाइरल गरिएकामा दु:ख व्यक्त गरेकी छिन्।



2018, JUL
Friday
20

## विश्व २ मिनेट

### भारत

**बालिका बलात्कृत**

चेन्नाई, (एजेन्सी)

भारतमा १७ जना पुरुषमाथि चेन्नाई शहरमा एउटी ११ वर्षीया बहिरा बालिकामाथि सामूहिक बलात्कार गरेको अभियोग लगाइएको छ। प्रहरीका अनुसार तिनीहरुले उनीमाथि यो वर्षको शुरूदेखि नै पटक-पटक बलात्कार गर्दै आएका हुन्। प्रमुख पीडक ती बालिका बस्ने अपार्टमेन्ट ब्लकका लिफ्ट अपरेटर भएको बताइएको छ। ती व्यक्तिले बालिकालाई लठिने औषधि ख्वाएर कुकृत्य गरेपछि अन्यलाई पनि त्यसमा सरिक बनाएको प्रहरीको भनाइ छ। यस पछिल्लो हिंसात्मक यौन उत्पीडनको कारण भारतमा अहिले व्यापक जनआक्रोश फैलिएको छ।

### रसिया

**पुटिनद्वारा आलोचना**

मस्को, (एजेन्सी)

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आफ्ना अमेरिकी समकक्षी डोनाल्ड ट्रम्पसँग फिनल्यान्डको राजधानी हेलसिन्कीमा भएको शिखरवार्तालाई लिएर टिका टिप्पणी गर्ने अमेरिकीहरुको बिहीबार आलोचना गरेका छन्। रसियाको राजधानी मस्कोमा आयोजित रुसी कुटनीतिज्ञको एउटा बैठकलाई सम्बोधन गर्ने क्रममा अमेरिकामा रहेका केही तत्त्वले आफ्ना पार्टीको निहित स्वार्थ पूर्तिका लागि अमेरिका र रसियाबीचको सम्बन्धलाई बलिदान गर्न चाहेको बताएका छन्। तिनीहरुले आफ्ना लाखौं जनतालाई झुठा कथा सुनाउने गरेको आरोप पनि पुटिनले लागएका छन्। ट्रम्पलाई रसियाको पक्ष लिएको भनी अमेरिकीहरुले आरोप लागएका थिए।

### टर्की

**संकटकाल अन्त्य**

इस्तानबुल, (एजेन्सी)

टर्कीमा २ वर्षअगाडि लगाएको संकटकाल बिहीबारबाट अन्त्य भएको छ। तर विपक्षीले अब यसको ठाउँमा अझ धेरै दमनकारी कानुन वैध तरिकाबाट लागू गर्न सक्ने आशंका गरेका छन्। सन् २०१६ मा असफल सत्ता अपदस्थ प्रयास, अंकारामा भएको बम विस्फोट र इस्तानबुलमा भएका हिंसात्मक झडपमा २ सय ४९ जनाको मृत्यु भएपछि संकटकाल लगाइएको थियो। सरकारले प्रत्यक ३ महिनामा बढाउँदै आइरहेको उक्त संकटकाल आठौंपटक नबढाउने निर्णय गर्दै अन्त्य गरेको घोषणा गरेको हो। संकटकालका क्रममा करिब ८० हजार नागरिक हिरासतमा लिइएको र त्यसको २ गुणा कर्मचारीले जागिर गुमाएका थिए।

### अमेरिका

**एलईडी चिम खतरनाक**

लस एन्जलस, (एजेन्सी)

हालै गरेको एक अध्ययनले एलईडी प्रकाशको बढ्दो प्रयोगले मस्तिष्क रोगीको उपचारमा खराब असर परिरहेको देखाएको छ। अहिले एलईडी चिमको प्रयोग व्यापकरूपमा बढिरहेको छ। सडक, पब, बार, सिनेमाहलदेखि ट्राफिक सिग्नल र पुस्तकालयजस्ता पढ्ने ठाउँ वा युनिभर्सिटीमा पनि एलईडी चिमको प्रयोग भइरहेको छ। यसले प्रकाशयुक्त प्रदुषण फैलाइरहेको छ। मानिसहरु अहिले यो प्रदुषणको शिकार भइरहेको शोधले देखाएको छ। नीलो प्रकाशले मानव शरीरमा पार्ने असरको पहिलो अनुसन्धान भएको हो। यो प्रकाशले हाम्रो शरीरलाई निन्द्राको स्मरण गराउने रसायन मेलाटोनिनको बहावलाई रोक्छ।

## ब्ल्यु ओरिजिनको सफल परीक्षण

अस्टिन, (एजेन्सी)

ब्ल्यु ओरिजिनले अहिलेसम्मकै अत्यन्त जटिल परीक्षण सफलतापूर्वक पूरा गरेको छ। टेक्ससस्थित उसको प्रशिक्षण केन्द्रमा रकेट बुस्टरबाट चालक बस्ने क्याप्सुल छुट्याउने परीक्षण भएको र सबै कुरा अनुमान गरिएअनुसारकै भएको बताइएको छ।

उक्त चालक बस्ने क्याप्सुलले आफू अलग्गिनुपर्ने मोटरलाई सही समयमा आफूबाट अलग्याएको थियो। यस प्रक्षेपणमा उक्त क्याप्सुललाई यसअघिको भन्दा माथि पुऱ्याइएको थियो। यो सफल परीक्षण विश्वकै धनाढ्य अनलाइन व्यापारी जेफ बजोसको रकेट कम्पनीका लागि ठूलो कोशेढुंगा भएको छ। यसअघि कम्पनीले यदि परीक्षण सफलतापूर्वक अगाडि बढेमा उक्त रकेट कम्पनीलाई यस वर्षको अन्त्यबाट सञ्चालनको स्थितिमा आउने बताएको थियो।

हिजो परीक्षण ब्ल्यु ओरिजिनको नवौं प्रक्षेपण हो र न्यू सेपार्ड रकेटको तेस्रो हो। २० हजारभन्दा बढी दर्शकले उक्त परीक्षणलाई ब्ल्यु ओरिजिनको युट्युब लाइभ स्ट्रिममा हेरेका थिए। क्याप्सुल तथा बुस्टर दुवै पुन: प्रयोग गर्न सकिने गरी डिजाइन गरिएका छन्। प्रक्षेपण परीक्षण साढे दुई मिनेटमा पूरा भएको थियो, जुनबेला इन्जिन बन्द भयो। पूरा अभियानले करिब ११ मिनेट लिएको र क्याप्सुलले ३ लाख ८९ हजार ८ सय ४६ फिटको उचाइमा अधिकतम् २ हजार २ सय ३६ माइल प्रतिघन्टा वेग लिएको थियो।


**कटारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कटारी, उदयपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०७५।०४।०४

यस कार्यालयबाट मिति २०७५।०२।१० गतेको राष्ट्रिय दैनिक नेपाल समाचारपत्रमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिद्धारा मूल्याङ्कन हुँदा तपसिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद (पहिलो संशोधन) ऐन २०६३ को दफा २७ (०२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**तपसिल:-**

| S.N. | IFB No: | Description of Work | Bidder's Name | Bid Price Rs. (Without VAT) |
|---|---|---|---|---|
| 1 | 05/Uda/Katarimun/074/075 | Construction of Katari Municipality Second line Remaining Road | Makaju Investment company (P.) Ltd. Katari-8,Udayapur | 27,60,568/- |

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**कालिगण्डकी कोरिडोर (गैडाकोट-राम्दी-मालढुंगा) सडक योजना, पाल्पा**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशन मिति : २०७५/०४/०४ (2018/07/20 A.D.)**

यस योजना कार्यालयको मिति २०७५/०२/२५ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं.KCRP-3/074/75 र मिति २०७५/०२/२९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. KCRP-4/074/75 अनुसार पेश भएका निम्न ठेक्काहरुको सिलबन्दी बोलपत्रहरुको प्राविधिक प्रस्ताव सार्वजनिक खरिद (चौथो संसोधन) नियमावली, २०६४ बमोजिम मूल्यांकन गरी सारभूत रुपमा प्रभावग्राही निर्धारण भएका बोलपत्रहरुको आर्थिक प्रस्ताव निम्न स्थान, मिति, समयमा खोलिने हुँदा सोहि नियमावलीको नियम ३१ ङ (४) र (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| Contract ID No. | Substantially Responsive Bidders in Technical Evaluation |
|---|---|
| KCRP/337145-4/074/75-11 | Elite Construction Company Pvt.Ltd, Kapan, Kathmandu |
| | Kasthamandap Construction Pvt. Ltd. Balkhu- 14, Kathmandu |
| | Mahadev Khimti- Akela JV |
| | Lohani and Brothers Pvt.Ltd. & Lohani & sons Pvt. Ltd Bharatpur-7, Chitwan |
| KCRP/337145-4/074/75-12 | Elite Construction Company Pvt.Ltd, Kapan, Kathmandu |
| | Uma & Company-Manakamana JV, Balkhu, Kathmandu |
| | Mahadev Khimti- Akela JV, Maligaun, Kathmandu |
| | Lohani and Brothers Pvt.Ltd. & Lohani & sons Pvt. Ltd Bharatpur-7, Chitwan |
| KCRP/337145-4/074/75-13 | Elite Construction Company Pvt.Ltd, Kapan, Kathmandu |
| | Kasthmandap Construction Pvt. Ltd, Balkhu, Kathmandu |
| | Mahadev Khimti- Akela JV, Maligaun, Kathmandu |
| | Lohani and Brothers Pvt.Ltd. & Lohani & sons Pvt. Ltd Bharatpur-7, Chitwan |
| | Prakritik Nirman Sewa, Sidharthangar, Rupandehi |
| KCRP/337145-4/074/75-15 | Elite Construction Company Pvt.Ltd, Kapan, Kathmandu |
| | Kasthmandap Construction Pvt. Ltd, Balkhu, Kathmandu |
| | Jaya Buddha Nirman Sewa Pvt.Ltd., Banasthali, Kathmandu |
| | Lohani and Brothers Pvt.Ltd. & Lohani & sons Pvt.Ltd Bharatpur-7, Chitwan |
| | Lumbini-Prakritik JV, Sidharthangar, Rupandehi |
| | Hari Hari Nirman Sewa Pvt. Ltd. , Ratopul, Kathmandu |
| KCRP/337145-4/074/75-16 | Elite Construction Company Pvt.Ltd, Kapan, Kathmandu |
| | Jaya Buddha Nirman Sewa Pvt.Ltd., Banasthali, Kathmandu |
| | Lohani and Brothers Pvt.Ltd. & Lohani & sons Pvt. Ltd Bharatpur-7, Chitwan |
| | Lumbini-Prakritik JV, Sidharthangar, Rupandehi |
| | Uma & Company -Manakamana JV, Balkhu, Kathmandu |

**Price Bid Opening Place, Date and Time :**
**Place:** Kaligandaki Corridor (Gaidakot-Ramdi-Maldhunga) Road Project, Bartung, Palpa
**Date:** 2075-04-11 Time:1:00 PM (2018-07-27 Time: 13:00 PM)

योजना प्रमुख


पाकिस्तान चुनाव नजिकिँदै

# मोदीलाई खुसी पार्न सरिफले मुम्बई हमलाको जिम्मेवारी स्वीकारे

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानमा अर्को हप्ता आम चुनाव हुन गइरहेको छ। समय नजिकिने क्रमसँगै पाकिस्तानमा चुनावी गर्मी पनि बढेको छ।

यसबी पाकिस्तान तहरिक ए इन्साफ (पीटीआई) पार्टीका नेता इमरान खानले पूर्वप्रधानमन्त्री नवाज सरिफ पाकिस्तानका सेनाको डरले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको शरणमा गएको आरोप लगाएका छन्।

उनले नवाज सरिफमाथि काश्मिर मुद्दालाई पनि बेवास्ता गरेको आरोप लगाए। इमरान खानले भने- 'भारतमा नरेन्द्र मोदी जब प्रधानमन्त्री बने, नवाज सरिफ उनीसँग भेट्न गए र त्यतिबेला काश्मिरका हुरियत कन्फ्रेन्सका नेताहरुसँग भेट्न अस्वीकार गरे।'

सरिफले यसो गरेर मोदीलाई मात्र खुसी पार्न चाहेको इमरानले बताए।





क्रिकेटरबाट राजनेता बनेका इमरान खानले नवाज सरिफ र आसिफ अली जरदारीको तुलना मिर सादिग र मिर जाफिरसँग गरे। उनले भने- 'यिनीहरु मिर सादिग र मिर जाफिरभन्दा फरक छैनन्। यिनीहरुको बफादारी पैसासँग मात्र छ।'

२५ तारिख महत्त्वपूर्ण दिन भएको र मुलुकको भाग्य बदल्ने दिन भएको उनले बताए। यो आसिफ अली जरदारी र नवाज सरिफबाट आफूलाई अलग गर्ने दिन भएको उनले बताए। उनीहरुले जनताको पैसा देशबाहिर लगेको उनले आरोप लगाए।

इमरान खानले ती दुवै नेताले देशको सेनाको बदनामा गरेको पनि आरोप लगाए। उनले भने- 'पहिला जरदारीले आफ्नो देशको फौजको अपमान गर्ने प्रयास गरे। उनले अमेरिकी सैन्य प्रमुख आफूलाई फौजबाट बचाउन गुहार मागेका थिए।'

त्यसपछि नवाज सरिफ जब भ्रष्टाचार मामिलामा फस्न थालेपछि उनले पनि पहिला सेनाकै बदनाम गरेको खानले बताए। 'सरिफले मुम्बई हमलाको जिम्मेवारी देशमाथि थुपारे। उनले भने- 'मुम्बईमा हामीले आक्रमणकारी पठाएका थियौं।'

विपक्षी नेताहरुमाथि आक्रमण गर्दै दुवैले देशबाहिरकाहरुलाई खुसी पार्न देशको बदनाम गरिरहेको उनले आरोप लगाए। यी सबै गरेर उनीहरुले फाइदा लिएको र देशको ऋण बढाएर गएको उनले बताए।

**सजाय निलम्बन गर्न सरिफको माग**

पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज सरिफले भ्रष्टाचार मामिला एक अदालतले सुनाएको जेल सजायाको फैसलालाई चुनौती दिँदै उक्त निर्णय निलम्बन गर्न माग गरेका छन्।

यस विषयमा सञ्चार माध्यमलाई सोमबार जानकारी दिइएको थियो। भ्रष्टाचारको एक मामिलामा सरिफलाई १० वर्षको जेल र उनकी छोरी मरियम नवाजलाई ७ वर्षको जेल सजाय सुनाइएको थियो।

उक्त फैसलामुताबिक सरिफ र मरियमलाई गत शुक्रबार लन्डनबाट पाकिस्तान फर्कने क्रममा लाहौरस्थित अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरी जेल चलान गरिएको थियो।

भ्रष्टाचार निवारण अदालतले नवाज सरिफ र उनकी छोरी मरियमविरुद्ध मध्य लन्डन एवनफिल्ड अपार्टमेन्टका ४ फ्ल्याटसँग सम्बन्धित मुद्दामा उक्त सजाय तोकेको हो। उनीहरु दुवै हाल इस्लामावाद नजिकै रावलपिन्डीस्थित अदियाला जेलमा थुनिएका छन्। उनीहरुमाथि भ्रष्टाचारका अन्य दुई मामिलामा पनि मुद्दा चलिरहेका छन्।

सरिफमाथि आम्दानीभन्दा धेरै सम्पत्ति राखेको आरोप छ। तीनपटक प्रधानमन्त्री रहेका सरिफले ती आरोप राजनीतिबाट प्रेरित भएको बताउँदै अस्वीकार गर्दै आइरहेका छन्। उनलाई नेसनल अकाउन्टेबिलिटी ब्युरोलाई सहयोग नगरेकामा १ वर्षको अतिरिक्त सजाय दिइएको छ। उनका ज्वाइँलाई पनि यस मामिलामा एक वर्षको सजाय सुनाइएको छ।

# इजरायली संसद्बाट विवादास्पद विधेयक पारित

जेरुसेलम, (एजेन्सी)



इजरायलले‌को संसद् नेस्सेटले बिहीबार राष्ट्रलाई आधिकारिकरूपमा यहुदी घोषणा गर्ने विवादास्पद कानुन पारित गरेपछि अल्पमत अरब समुदायका इजरायलीहरु आक्रोसित भएका छन्।

'नेसन स्टेट' नामक उक्त कानुनमा यहुदीहरुलाई राष्ट्रिय स्वनिर्णयमा एकल अधिकार दिइने तथा हिब्रुलाई अरबीभन्दा माथिको आधिकारिका भाषा मानिने कुरा उल्लेख गरिएको छ। संसद्मा अरब विधायकले यसको अत्यन्तै विरोध गरेका छन्।

एकजना विधायकले कालो झण्डा देखाएका छन् भने अर्को एकजनाले विधेयक मस्यौदा नै च्यातेका छन्। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले भने यस विधेयकको हृदय खोलेर प्रशंसा गरेका छन्।

उनले इजरायल विशेषत: यहुदीहरुको राष्ट्र भएको तर यसले अन्य सम्पूर्ण जनताको अधिकारलाई पनि सम्मान गर्ने बताएका छन्। इजरायलका अरबी समुदायले लामो समयदेखि सरकारले आफूहरुमाथि भेदभाव गर्दै आएको महसुस गर्दै आएका छन्।

सो कानुनमा जेरुसेलम इजरायलकै राजधानी भएको दाबी पनि गरिएको छ। जेरुसेलमको केही भाग प्यालेस्टाइनले आफ्नो भएको दाबी गर्दै आइरहेको छ। सन् २०११ मा पहलोपटक संसद्मा पेश गरिएयता यस विधेयकमाथि पटक-पटक छलफल गरिँदै संशोधन हुँदै आएको थियो।

यसैबीच नेतान्याहुले भविष्यमा हुने कुनै पनि अन्तिम सहमतिमा प्यालेस्टाइनले इजरायललाई एउटा यहुदी राष्ट्रको रूपमा मान्यता दिइनुपर्ने बताउँदै आएका छन्।

त्रिविका प्राध्यापक एवम् डाक्टर तारानीधि भट्टराईले आफूले नीतिनिर्माणको काममा जाँदा यो पुस्तक साथै लिएर जाने बताउँदै गरिखानेका नाममा राजनीति गर्नेलाई बहुमूल्य उपहार रहेको बताउनुभयो।





देशभरका अस्पतालका डाक्टर हड्तालमा आएका कारण त्रिवि शिक्षण अस्पतालको ओपीडी सेवा आज बन्द रह्यो। सोही हड्तालका कारण आस्पतालमा सेवा लिन आएका बिरामीहरूले सास्ती खेप्नुपरेको थियो। आस्पताल परिसरका केही दृश्य। तस्वीर ( अनिल आङदेम्बे)

# ‘गरिखानेको नाममा’ माथि छलफल

काठमाडौं, (नेस)

प्रधानमन्त्रीका सल्लाहकार विष्णु रिमालको पुस्तक ‘गरिखानेको नाममा’ माथि प्राज्ञिक छलफल भएको छ। राजधानीको लेखनकुञ्जमा आयोजित कार्यक्रममा विभिन्न विषयमा विद्यावारिधि गरेका डक्टरहरूले किताबमाथि छलफल गरेका हुन्।

कार्यक्रममा बोल्दै डक्टर नवराज खतिवडाले सामान्य मान्छेलाई राजनेता बनाउन पुस्तक उपयोगी भएको बताउदै भन्नुभयो- ‘सामान्य ढुंगालाई कलाकारले मूर्ति देखेजस्तै राजनेताले र नीतिले त्यस्तै देख्ने यो पुस्तकले बताएको छ।’ राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डाक्टर सुनिलबाबु श्रेष्ठले विष्णु रिमालको पुस्तक प्रधानमन्त्रीले लिएको सुखी नेपाली र समृद्ध नेपालको योजनामा सहयोग पुऱ्याउने खालको रहेको बताउनुभयो।

त्रिविका प्राध्यापक एवम् डाक्टर तारानीधि भट्टराईले आफूले नीतिनिर्माणको काममा जाँदा यो पुस्तक साथै लिएर जाने बताउँदै गरिखानेका नाममा राजनीति गर्नेलाई बहुमूल्य उपहार रहेको बताउनुभयो। कार्यक्रम आयोजक संस्था घोस्ट राइटिङ नेपालका अध्यक्ष कमल ढकालले ‘गरिखानेको नाममा’ पुस्तकले गरिखानेले गरिखान पाए कि पाएनन्, पाउँछन् कि पाउँदैनन् यो आफैंमा प्रश्न बनेकाले यो कार्यक्रम आयोजना गरिएको बताउँदै यो कायक्रम भावी पुस्ताका लागि दिशाबोध भएको बताउनुभयो।

# केसीको मागप्रति शिक्षामन्त्रीको समर्थन

नेपाल समाचारपत्र

काठमाडौं

शिक्षा विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले जनताको स्वास्थ्यमा कुनै पनि असर पर्ने काम गरे तत्काल कारबाही गर्ने चेतावनी दिनुभएको छ। चिकित्सा शिक्षाको बेथितिविरुद्ध १९ दिनदेखि जुम्ला अस्पतालमा अनशनरत डा. गोविन्द केसीको मागप्रति समर्थन गर्दै आन्दोलन गरिररहेका चिकित्सकलाई लक्षित गर्दै मन्त्री पोखरेलले भन्नुभयो- ‘अस्पताल अनशन गर्ने स्थल होइन यदि कसैले अस्पतालमा आन्दोलन गर्छ भने सरकारले कारबाही गर्छ।’

उहाँले डा. केसीको समर्थनमा बाहिर वार्ता गर्ने अनि भित्र विधेयक फिर्ता लिनुपर्छ भन्ने माग गलत भएको स्पष्ट पार्नुभयो। उहाँले काठमाडौं आएपछि मात्र आन्दोलन पक्षधरसँग वार्ता गर्ने जानकारी गराउनुभयो। बुधबार राति प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रामबहादुर थापा, उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल, स्वाथ्यमन्त्री उपेन्द्र यादव र शिक्षा विज्ञान तथा प्रविधिमन्त्री पोखरेलसहितको बैठकले डा. केसीलाई काठमाडौं ल्याउने निर्णय गरेको थियो। लगत्तै हिजो बिहीबार वार्ता टोलीका संयोजक एवं शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव खगराज बरालसहितको टोली जुम्ला पुगेको थियो।

मन्त्री पोखरेलले अनशनरत डा. केसीको माग पूरा गर्न संसद्मा गएको विधेयक फिर्ता नहुने र अध्यादेश नआउने अडान दोहोऱ्याउनुभयो। उहाँले भन्नुभयो- ‘संसद्मा दर्ता भएको विधेयक फिर्ता हुँदैन, संसद्बाटै संवाद गरेर समस्या समाधान गर्न सकिन्छ। संसद्मा गएको विधेयक फिर्ता हुँदैन, अब अध्यादेश पनि आउँदैन’ -उहाँको भनाइ थियो। ‘हाम्रो वटम लाइन भनेको पहिला डा. केसीको जीवनरक्षा गर्ने त्यसपछि वार्ता गर्ने हो। अध्याधेश पारित गर्ने समय २० गतेसम्म थियो। कांग्रेसका कारण आएन’ -उहाँले भन्नुभयो।

चिकित्सा शिक्षाको सुधारका लागि माथेमा कार्यदलले गरेको सिफारिसका आधारमा विधेयक बन्नुपर्ने केसीको मुख्य माग छ। बालुवाटारमा बुधबार राति भएको आकस्मिक बैठकपछि बिहीबार मन्त्रालयको कार्यकक्षमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले संवाद र छलफलको प्रक्रियाबाट सरकार अघि बढ्न चाहेको दोहोऱ्याउँदै आन्दोलन गर्दैमा सबै माग पूरा गर्न नसकिने उल्लेख गर्नुभयो।

## डा.केसीद्वारा...

यता नेपाल चिकित्सक संघले अर्को निर्णय नहुँदासम्मका लागि प्रत्येक दिन एक घण्टा माइतीघर मण्डलामा विरोध कार्यक्रम जारी राख्ने जनाएको छ। बिहीबारको विरोधका क्रममा चिकित्सकहरूले आकस्मिकबाहेकका स्वास्थ्य सेवाहरू बन्द गरेका थिए। विरोध ऱ्याली माइतीघर मण्डला हुँदै बानेश्वरसम्म निस्किएको थियो। ऱ्यालीमा चिकित्सकसहित, प्राध्यापक र अन्य पेशागतका जनसमुदाय उपस्थित भएका थिए।

संघले अर्को निर्णय नहुन्जेलसम्म १ घण्टा धर्ना गर्ने जनाएको छ। डा. केसीको जीवन रक्षार्थ यथासिघ्र ठोस कदम अगाडि नबढाइए आकस्मिक सेवाबाहेकका अन्य सम्पूर्ण सेवा अनिश्चितकालका लागि बन्द गर्न बाध्य हुने चेतावनी दिएको छ।

यसैबीच प्रहरी प्रधानकार्यालयले डा. केसीलाई काठमाडौं ल्याउने क्रममा भएको झडपमा प्रहरी जवान कमल आचार्यको छातीमा सिसा लागेको र चिर्पटको किला गडेकाले उपचार भइरहेको जनाएको छ। सो कार्यालयद्वारा बिहीबार जारी प्रेस विज्ञप्तिमा केही समाचार माध्यममा आएको प्रहरी जवानको मृत्यु भन्ने समाचारप्रति आफ्नो ध्यानाकर्षण भएको जनाउँदै यस्ता विषयमा समाचार सम्प्रेषण गर्दा संवेदनशील र जवाफदेही बन्न आग्रह गरिएको छ।

### महासघंद्वारा निन्दा

नेपाल पत्रकार महासंघले जुम्लामा अनसनरत डा. गोविन्द केसीको अनसनको समर्थनमा भएको आन्दोलनको समाचार संकलनका क्रममा पत्रकारमाथि सुरक्षाकर्मीबाट भएको दुर्व्यवहार र कुटपिटको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। समाचार संकलनका क्रममा सुरक्षाकर्मीको पिटाइबाट कान्तिपुरका संवाददाता एलपी देवकोटाको ढाड र खुट्टा तथा एपीवान टेलिभिजनका संवाददाता प्रकाश उपाध्यायको ढाडमा चोट लागेको महासंघद्वारा बिहीबार जारी गरिएको प्रेस विज्ञप्तिमा उल्लेख छ।

महासंघका महासचिव रमेश विष्टको नाममा जारी विज्ञप्तिमा सुरक्षाकर्मीबाट भएको यो ज्यादती प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेप भएकाले पत्रकारको पेशागत स्वतन्त्रतालाई हतोत्साहित बनाउने उक्त घटनाको कडा भर्त्सना गरेको छ। यस्तै समय सन्दर्भ मासिक पत्रिकामा प्रकाशित समाचारको विषयलाई लिएर उक्त मासिकका सम्पादक डिल्लीराम भट्टराईमाथि बौद्धस्थित चाइनिज पिपुल्स हस्पिटल प्रालिका सञ्चालकहरूबाट गरिएको कुटपिट र क्यामेरा तोडफोडको घटनाको पनि भर्त्सना गर्दै महासंघले घटनामा संलग्न दोषीहरूमाथि कारबाही गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गरेको छ। महासंघले डा. केसीका जायज माग पूरा गर्न आग्रह पनि गरेको छ।

## अस्पतालभित्रै...

चिकित्सा शिक्षा सुधारका लागि नेपाली कांग्रेसको सरकारले जारी गरेको अध्यादेशभन्दा विपरीत विधेयक ल्याउनेतर्फ सरकार लाग्नु र क्रमश: अधिनायकवादउन्मुख शैली विकसित हुँदै गएका कारण स्थिति जटिल बन्दै गएको कांग्रेसले निष्कर्ष निकालेको छ।

कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले हस्ताक्षर गरेको विज्ञप्तीमा भनिएको छ- ‘डा. केसीको जीवनरक्षा गर्नु हामी सबैको दायित्व हो, तर उपचारका लागि काठमाडौं ल्याउने क्रममा जुम्लाको अस्पतालमै प्रहरी प्रवेश गरेर लाठीचार्ज गर्ने, अश्रुग्यास प्रहार गर्ने, अस्पतालको लाखौंको सम्पत्तिमा क्षति पुऱ्याउनेजस्ता सरकारको दमनकारी कार्यको नेपाली कांग्रेस भर्त्सना गर्दछ। जुम्लामा गम्भीर घटना भइरहँदा डा. केसीको माग सम्बोधन गर्नुको साटो प्रतिपिक्षीसँग परामर्श गर्ने परम्पराविपरीत प्रतिनिधिसभा बैठक स्थगित गर्ने सरकारको गैरजवाफदेही क्रियाकलापप्रति हामी खेद प्रकट गर्दछौं। समाधानको खोजी गर्ने थलो संसद्लाई छलेर विषयलाई विषयान्तर गर्न सकिने भ्रमबाट मुक्त हुनसमेत नेपाली कांग्रेस सरकारलाई सचेत गराउन चाहन्छ। डा. गोविन्द केसीको जीवनरक्षा र अध्यादेशको हुबहु कार्यान्वयन गर्न सदन र सडकमा नेपाली कांग्रेसको विरोध जारी रहनेछ’ -कांग्रेसले जनाएको छ। कांग्रेसले ओली सरकार ढालेरै छाड्ने बताएको छ।

डा. गोविन्द केसीको मागलाई समर्थन गर्दै राजधानीमा दशौं हजार सडकमा उत्रिएका छन्। जुम्लामा अनसनरत डा. गोविन्द केसीलाई जबरजस्ती काठमाडौं ल्याउन सशस्त्र प्रहरी अस्पतालभित्र प्रवेश गरी अन्धाधुन्द लाठी, अश्रुग्यास र गोली प्रहार गरिरहेको बेला डा. केसीको माग तत्काल पूरा गर्न दबाब दिँदै राजधानीमा बृहत् प्रदर्शन भएको थियो। आन्दोलनकारीले सरकारको चर्को आलोचना गर्दै हजारौं संख्यामा उपस्थित प्रदर्शनकारीले डा. केसीको माग तत्काल पूरा गर्न सरकारलाई दबाब दिएका थिए।

## विमस्टेकमा...

सार्क सम्मेलन अवधिभर करिब १ दर्जन सुविधा सम्पन्न गाडी भारतबाट भाडामा समेत ल्याइएको थियो।

भाडामा गाडी झिकाउनुपर्ने/नपर्ने विस्तृत छलफल भने अझै भइनसकेको गृह प्रवक्ता सुवेदीले बताउनुभयो। संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तत्कालीन राजपरिवारले प्रयोग गरेका गाडीको संख्या र अवस्थाबारे जानकारी गराउन गत महिना नारायणहिटी दरबार संग्रहालयलाई समेत खबर गरेको थियो। संग्रहालयका अनुसार त्यहाँ रहेका गाडी सम्मेलन प्रयोजनमा प्रयोगमा ल्याउन मिल्ने प्रकृतिका छैनन्।

‘राजपरिवारले प्रयोग गरेका ७/८ वटा गाडी छन्, तर कुनै पनि कन्डिसनका छैनन्, संग्राहलयका निमित्त प्रमुख अद्वैत प्रकाश श्रेष्ठले भन्नुभयो- ‘मर्मत गर्दा दुईवटा चाहिँ प्रयोगमा ल्याउन मिल्छ कि ?’ सञ्चालन हुनसक्ने भनिएका २ गाडी मर्मतका लागि विदेशबाट सफ्टवेयर झिकाउनुपर्ने उहाँको बुझाइ छ। तत्कालीन राजा वीरेन्द्र र ज्ञानेन्द्रले प्रयोग गरेका सवारीमध्ये ३ वटा हाल राष्ट्रपति र उपराष्ट्रपतिबाट प्रयोग हुँदै आएको छ। राष्ट्रपति र उपराष्ट्रपतिका लागि २०६५ मा एक/एकवटा गाडी दरबारबाट लगिएको थियो भने उपराष्ट्रपति कार्यालयले थप अर्को गाडी पनि संग्रहालयबाटै लगेको छ। उपराष्ट्रपति कार्यालयले २ वर्षअघि अर्को गाडी लगेको श्रेष्ठले जानकारी दिनुभयो। ‘पर्यटन मन्त्रालयको निर्देशनअनुसार गाडीको समग्र पक्ष हामीले जानकारी गराइसकेका छौं’ -उहाँले भन्नुभयो। विमस्टेकमा नेपालसहित बंगलादेश, भुटान, भारत, म्यानमार, श्रीलंका र थाइल्यान्ड सदस्य छन्। दुई वर्षअघि सन् २०१६ भित्रै हुनुपर्ने चौथो सम्मेलन नेपालको आफ्नै आन्तरिक कारणले धकेलिँदै आएको थियो।

सरकारले सम्मेलन लक्षित गाडी र अन्य गर्ने भए पनि विगतको सार्क सम्मेलन र नेपाल भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतबाट ल्याइएका सवारी नै प्रयोग गर्नुभएको थियो। ‘त्यस्तो विकल्प रोज्नु उहाँको स्वेच्छा हो, सम्मेलन आयोजक राष्ट्र भएकाले सबै किसिमको तयारीमा सरकार जुट्नुपर्छ, कसैले आफैं गाडी ल्याउला, अनुदानमा दिएला भनेर आश गर्नु नेपालको ठूलो कमजोरी हुन्छ’ -परराष्ट्रका एक उच्च अधिकारीले भने। गतवर्ष साउन २७ मा काठमाडौंमा सम्पन्न विमस्टेक सदस्य राष्ट्रका विदेश मन्त्रीस्तरीय १७औं बैठकले यही वर्षभित्र चौथो सम्मेलन नेपालमा आयोजना गर्ने निर्णय गरेको थियो। क्षेत्रीय व्यापार र लगानी, प्रविधि, ऊर्जा, यातायात र सञ्चार, कृषि, सांस्कृतिक सहकार्यमा विमस्टेकका गतिविधि केन्द्रित छन्। त्यसैगरी वातावरण र प्रकोप व्यवस्थापन, जनस्वास्थ्य, गरिबी निवारणजस्ता क्षेत्रीय मुद्दामा पनि विमस्टेक केन्द्रित छ।

सम्मेलनको तयारीस्वरूप प्रधानमन्त्रीको संयोजकत्वमा राष्ट्रिय मूल समिति गठन गरिएको छ भने परराष्ट्रमन्त्रीको संयोजकत्वमा सम्मेलन तयारी र समन्वय समिति गठन भएको छ। गृहमन्त्री, अर्थ, भौतिक पूर्वाधार र सञ्चारमन्त्रीको संयोजकत्वमा क्रमश: सुरक्षा परिवहन तथा यातायात समिति, अर्थ, भौतिक पूर्वाधार तथा नगर सजावट समिति र सञ्चार व्यवस्था तथा प्रचारप्रचार समिति गठन गरिएको छ। यसै गरी विभिन्न मन्त्रालयका सचिवको संयोजकत्वमा विभिन्न उप-समिति पनि गठन भएका छन्।

# स्कुल बस दुर्घटनामा ५९ घाइते, ८ गम्भीर

पुष्कर बुढाथोकी, भक्तपुर



भक्तपुरमा भएको स्कुल बस दुर्घटनामा ५८ विद्यार्थी घाइते भएका छन्। बिहीबार साँझ चाँगुनारायण नगरपालिका-१ दुवाकोटस्थित सशस्त्र प्रहरी गणनजिकै भएको दुर्घटनामा ५८ विद्यार्थी घाइते भएका हुन्।

महानगरीय प्रहरी वृत्त ठिमीका प्रहरी नायब उपरिक्षक मिलन केसीका अनुसार, मुलपानीस्थित क्रिश्चियन कम्युनिटी स्कुलबाट विद्यार्थी लिएर भक्तपुरको नीलबाराहीतर्फ आइरहेको बा १ क ९२५० नम्बरको स्कुल बस पानी परिरहेको समयमा सडकबाट १५ फिट तल खेतमा खसेको थियो।

४१ घाइतेको मध्यपुर थिमिस्थित मध्यपुर अस्पताल र १७ जनाको गठ्ठाघरस्थित नागरिक अस्पतालमा उपचार भइरहेको छ। घाइतेमध्ये ८ जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। गाडीका सहचालक अनिल थापाको अवस्था चिन्ताजनक रहेको नागरिक अस्पतालले जनाएको छ। उनको आईसीयूमा उपचार भइरहेको छ। अन्य गम्भीर घाइतेमा वर्ष ९ की पूजा ठाकुर, वर्ष १४ की शर्मिला बाटी, वर्ष १३ की दीपा बाडे, वर्ष १२ की निशा विक ,वर्ष १२ की अस्मिता सुनार, वर्ष ४ की प्रतिज्ञा दयाटको उपचार नागरिक अस्पतालमा भइरहेको छ। अर्का गम्भीर घाइते प्रतिज्ञा श्रेष्ठलाई भने थप उपचारका लागि सिनामङ्गलस्थित केएमसी अस्पताल रिफर गरिएको अस्पतालका निर्देशक भुवन जोशीले बताउनुभयो। बसका चालक सन्तोष लामा भने फरार रहेको र प्रहरीले खोजी गरी रहेको स्कुलकी प्रिन्सिपल लालीमा मालाकारले बताउनुभयो।

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर

सवारी साधन खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७५/०४/०४ गते)

यस कटारी नगरपालिका कार्यालयबाट बोलपत्र फारम साथ संलग्न स्पेशिफिकेशन बमोजिम 4WD Double Cab Pick Up (WITH AIRBAG) ईन्जिन भएको १ (एक) थान सवारी साधन (जिप) खरिद गर्नु पर्ने भएकोले स्थायी लेखा नम्बर, मु. अ. कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाण पत्र र नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको आधिकारीक फर्म, कम्पनी, डिलर वा आपूर्तिकर्तावाट तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको बोलपत्र आव्हान गरिएको छ।

शर्तहरु:

१. बोलपत्र फारम रु ३,०००। (तीन हजार मात्र) (पछि फिर्ता नहुने गरि) तिरी खरिद गर्न सकिने छ, E-Bidding अनिवार्य रूपमा गर्नुपर्नेछ र नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालयको website, www.bolpatra.gov.np/egp बाट प्राप्त गर्न सकिने छ।
२. खरिद भएको बोलपत्र २०७५।०५।०३ गते दिनको १२ बजे भित्र दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन। कारणवश बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
३. बोलपत्र शर्त रहित केरमेट नभएको हुनु पर्नेछ।
४. बोलपत्र धरौटी रकम रू १,८८,५०० यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैंक, कटारी शाखाको धरौटी खाता नं. २०५०३०३००७१०२ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्ने छ। बोलपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिने छ।
५. प्राप्त भएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ।
६. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन, नियम अनुसार हुनेछ।
७. शर्त राखी पेश गरको (छुट दिने बाहेक), रित नपुगेको, म्याद नाघी आएको र स्पेसीफीकेसन भन्दा फरक रहेको बोलपत्र फारमहरुलाई मान्यता दिईने छैन।
८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ। अन्य कुराहरु बोलपत्रमा उल्लेख भए बमोजिम हुनेछ।
९. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ। यो सूचना http://katarimun.gov.np/ मा समेत Download गरी हेर्न सकिने छ।

| Descriptions | Quantity | Bid Security Amount |
|---|---|---|
| 4WD Double Cab Pick Up Tender (WITH AIRBAG) | 1 Unit | NRS. 1,88,500 |

प्रमुख प्रशासकीय अधिकृत

# अर्थ

कुरियर तथा अन्य सामग्रीलाई आधिकारिक ठाउँमा पुऱ्याउन एस कन्टेनरले मद्दत गर्छ भने एस रेफ्रिजिरेटर भ्यानले फ्रिजमा राख्नुपर्ने सामानको ओसार पसार सहज बनाउँछ ।

हिमाल स्टील आजको भाउ

| ज्योति | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| काठमाडौं | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| बीरगंज | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| विराटनगर | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

• अन्तः शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी • अन्य डाईको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र गुरा समावेश छ ।

## सिजीको तेस्रो र चौथो लक्की ड्र सम्पन्न

काठमाडौं, (नेस)

सिजीले आफ्नो योजनाअनुरूप लक्की ड्र गरी दुई जना विजेताको नाम छानेको छ। फेसबुकलाइभ गरी सम्पन्न गरिएको उक्त कार्यक्रममा सिजीका विभिन्न व्यक्तिको उपस्थिति रहेको थियो। पहिले पनि दुई जना विजेता छानिसकेको उक्त योजनामा यो भने अन्तिम लक्की ड्र रहेको र विजेता हुनेले सिजीको आकर्षक टिभी पाउने छन्।

उक्त लक्की ड्रमा विजेता हुनेमा कटारीकी रोसनी कारी र सुर्खेत किखिमा गुरुङ रहेका छन्।

## टाटाको एस स्पेसियल एप्लिकेसन नेपालमा

काठमाडौं, (नेस)

टाटा मोटर्सको नेपालका लागि आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले 'गो ग्रिन टु किप इट क्लिन' भन्ने नारासहित, टाटा एस स्पेसियल एप्लिकेसनको उद्‌घाटन गरेको छ। उक्त कार्यक्रममा टाटा एसका एस हुपर टिपर, एस स्किप लोडर, एस स्काईलिफ्ट, एस कन्टेनर र एस रेफ्रिजिरेसन भ्यान गरी ५ वटा विशेष एप्लिकेसनको भिडियो मार्फत उपयोगिता प्रदर्शन गरिएको थियो।



एस हुपर टिपरले नगरपालिकाको फोहोर संकलन तथा व्यवस्थापनलाई सहज बनाउछ। त्यस्तै एस स्किप लोडरले कुनै पनि कोलोनी, हस्पिटल, औद्योगिक क्षेत्र अथवा घरको फोहोर संकलन तथा व्यवस्थापन गर्न सहज बनाउँछ।

त्यस्तै एस स्काईलिफ्टले उचाइमा गर्नुपर्ने कामलाई डबल बुममार्फत सजिलो बनाउँछ। कुरियर तथा अन्य सामग्रीलाई आधिकारिक ठाउँमा पुऱ्याउन एस कन्टेनरले मद्दत गर्छ भने एस रेफ्रिजिरेटर भ्यानले फ्रिजमा राख्नुपर्ने सामानको ओसार पसार सहज बनाउँछ ।

समारोहमा सिप्रदी ट्रेडिङ प्रालिका सीईओ राजनबाबु श्रेष्ठलगायत टाटाका लागि सार्क राष्ट्रका क्षेत्रीय प्रबन्धक आशिफ समिम, नेपाल र भुटानका बिजिनेस अपरेसन प्रमुख, बोधप्रकाश मुखियानेपालका क्षेत्रीय प्रबन्धक तुसार गुप्तालगायतको उपस्थिति थियो।

## मेगा बैंकका अध्यक्षद्वारा सपथ



काठमाडौं, (नेस)

मेगा बैंक नेपालको सातौं वार्षिक साधारणसभाले नयाँ सञ्चालक समिति चयन गरेको छ।

आगामी चार वर्षका लागि ६ सदस्यीय नयाँ संचालक समिति चयन गरेको हो। साधारणसभामा छलफल तथा अनुमोदनका लागि पेश भएका सम्पूर्ण प्रस्ताव पारित गरेको थियो। वार्षिक साधारण सभाबाट बैंकको चुक्ता पुँजीको १० दशमलव ७५ प्रतिशत बोनस शेयर पारित गर्ने निर्णय गरेको थियो।

उक्त बसाधारणसभाबाट बैंकको अध्यक्षमा चयन हुनु भएका भोजबहादुर शाहले नेपाल राष्ट्र बैंकका गर्भनर डा. चिरञ्जीवी नेपाल समक्ष सञ्चालक समितिको अध्यक्षको सपथ लिनु भएको छ।

## नेपाल इन्भेष्टमेन्ट बैंकलाई युरोमनी एक्सिलेन्स अवार्ड

काठमाडौं, (नेस)

नेपाल इन्भेष्टमेन्ट बैंकले युरोमनी एक्सिलेन्स 'उत्कृष्ट बैंक नेपाल, २०१८' अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गरेको छ। अंग्रेजी आर्थिक मासिक पत्रिका युरोमनीले हङकङमा एसियाका पाँच सय पाहुना सहभागी एक कार्यक्रमका बीच बैंकले प्राप्त गरेको पुरस्कार बैंकका निर्देशक भुवनेश्वरप्रसाद शाहलाई



प्रदान गरेको थियो। नेपाल इन्भेष्टमेन्ट बैंकले यो अवार्ड पहिलोपटक प्राप्त गरेको हो।

सन् १९६९ मा पहिलोपटक प्रकाशित युरोमनी म्यागाजिनका शेयर होल्डरले शुरू गरेको यो पुरस्कार, संस्थाको सेवा, सुविधा तथा वित्तीय अवस्थाकाबारे विस्तृतमा अध्ययन तथा अनुसन्धान गरेपछिमात्र प्रदान गरिन्छ। यस वर्ष यसमा १५ सयभन्दा बढी वित्तीय संस्थाले राष्ट्रिय, क्षेत्रीय तथा विश्वव्यापी रूपमा सहभागिता जनाएका थिए।

८ लाख ७० हजारभन्दा बढी उपभोक्ता रहेको नेपाल इन्भेष्टमेन्ट बैंकको हाल ७७ वटा शाखा तथा १०४ वटा एटीएम छ। ५ लाख ५० हजारभन्दा बढी भिसा डेबिट कार्ड प्रयोगकर्ता रहेको बैंकको ५७ वटा शाखारहित बैंकिङ सुविधाका साथै बैंकको सञ्जालमा ७९० बढी भिसा तथा एनपीएन सदस्य बैंकका एटीएम रहेको छ।

एस डेभलपमेन्ट बैंकको प्राप्तिपश्चात नेपाल इन्भेष्टमेन्ट बैंकको आर्थिक वर्ष २०७४/७५ को तेस्रो त्रैमाससम्ममा चुक्ता पुँजी १० दशमलव ६५ अर्ब पुगेको छ भने बैंकको प्राथमिक पुँजी २० दशमलव ९४ अर्ब पुगेको छ । त्यसैगरी बैंकले १३० दशमलव २ अर्ब निक्षेप संकलन गरी ११८ दशकलव ८ अर्ब रुपियाँ कर्जा प्रवाह गरेको छ। यस अवधिसम्ममा बैंकले २ दशमलव ८४ अर्ब खुद नाफा गरेको छ। तेस्रो त्रैमाससम्ममा बैंकको पुँजी पर्याप्तता अनुपात १३ दशमलव २५ प्रतिशत छ भने बैंकले निस्क्रिय कर्जालाई शून्य दशमलव ७६ प्रतिशतमा सीमित गरेको छ।




२० औं वर्षमा प्रवेश

संस्था स्थापनाकालदेखि सफलतापूर्वक संचालनको २० औं वर्षसम्म यहाँहरुले दिनुभएको साथ, सहयोग र शुभेच्छाप्रति हामी कृतज्ञ छौं । विगतमा झैं आगामी दिनहरुमा समेत यहाँहरुको अलौकिक सदिच्छाको अविरल आशा सहित सहकारी मूल्य, मान्यता र आदर्शअनुरुप संस्थाको सेवा, सुविधा, गुणस्तरीयता र विश्वसनीयतामा पूर्ण सचेत भै तपाईंहरुसँग सदैव सेवामा समर्पित हुने प्रण गर्दछौं ।

"जय सुमेरु ।। जय सहकारी ।।"

सुमेरु सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
Sumeru Saving & Credit Co-operative Ltd.

पुल्चोक : ०१-५५५५५५०, ५५४४५५५, ५५५४४५५, कालिमाटी : ०१-५१६५१००, ४६७३५००, ४६७४८००
धापाखेल, ललितपुर : ०१-५२७५१४४, ५२७५१७६, फ्याक्स : ९७७-१-५५५४५५५, पो.ब.नं.: १५१३७
गट्ठाघर : ०१-६६३९१११, ६६३९२२२, Email: sumeru@wlink.com.np, info@sumerugroup.org.np
Website : www.sumerugroup.org.np

संस्थाको २० औं वार्षिकोत्सवको उपलक्ष्यमा विगतका वर्षहरुमा झैं यस वर्ष पनि वृहत रक्तदान कार्यक्रमको आयोजना गरिएकोले "रक्तदान जीवनदान" जस्तो महान कार्यमा सहभागी भई पुण्य आर्जन गर्नुहुन अनुरोध गरिन्छ ।

मिति : २०७५ साउन ४ गते
समय : विहान ८ बजे देखि
स्थान : सुमेरु सेभिङ्ग प्राङ्गण, पुल्चोक

Lions Club of Kathmandu Sumeru

SUMERU HOSPITAL | SUMERU City Hospital | Sumeru Diagnostic | Promoted By Sumeru Group | Sumeru Medical College | SUMERU Money Exchange | SUMERU | SUMERU HOUSING & DEVELOPERS (P) LTD. | SUMERU Printing House | सुमेरु योग व्यायामशाला

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ९१।०० | ८८।०० | ९१।०० | ९१।०० |
| सिमरा, बिरगंज, कलैया | ८९।४० | ८६।४० | ८९।४० | ८९।४० |
| मलगवा, जनकपुर, नारायणघाट | ९०।४० | ८७।४० | ९०।४० | ९०।४० |
| लाहान, बिराटनगर, धरान, इटहरी | ९१।९५ | ८८।९५ | ९१।९५ | ९१।९५ |
| बितामोड, बमक, बुटवल, भैरहवा, कृष्णनगर | ९०।१० | ८७।१० | ९०।१० | ९०।१० |
| पोखरा, स्याङ्जा | ९०।६० | ८७।६० | ९०।६० | ९०।६० |

JAGDAMBA E Fe 500
EARTHQUAKE RESISTANT REBAR
नेपालको सर्वैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

हकदावी गर्न आउने ३५ दिने सूचना

जुजुविरको नाति, लक्ष्मी बहादुर श्रेष्ठको छोरा, वडा न नं. ९ सिद्धार्थनगर, रुपन्देही हाल वडा नं. ९ सिद्धार्थनगर नगरपालिका रुपन्देही, प्रदेश नं. ५ बस्ने **रामेश्वर श्रेष्ठ**को मिति २०७५/०२/१५ मा मृत्यु भएकोले यस बैंकमा निजको नाममा रहेको ब.हि.नं. २०११५२४१७०००८७ को सम्पूर्ण रकम भुक्तानी पांऊ भनि मृतकको पत्नी **इन्दु श्रेष्ठ**ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको उक्त रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन, २०६३ को दफा ८१ बमोजिम अप्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनु होला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन, २०६३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिएको छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
शाखा कार्यालय गोंगबु, काठमाडौं

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

कमलपोखरी शाखाको ३५ दिने सार्वजनिक सूचना

जर सिंह खत्रीको नाति, कान्छा खत्रीको छोरा, श्रीमती सरिता खत्रीको पति ३ नं. प्रदेश मकवानपुर जिल्ला, थाहा न.पा. वडा नं. २ बस्ने वर्ष ५२ को रामहरी खत्रीको नाममा यस बैंकको कमलपोखरी शाखामा खाता नं. ०५०००००३५८१५५२४ को बचत खाता रहेकोमा खातावाला रामहरी खत्रीको मिति २०७५/०१/०४ गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय, केन्द्रिय पञ्जिकरण विभाग, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, वडा नं. २ थाहा नगरपालिका, मकवानपुरको मिति २०७५/०१/११ गतेको मृत्यु दर्ता प्रमाण पत्र लगायतका कागजातहरू पेश गरी स्व. रामहरी खत्रीको पत्नी श्रीमती सरिता खत्रीले उक्त रकमको भुक्तानी पाउँ भनि निवेदन गर्न आउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ । निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको कमलपोखरी शाखामा आफ्नो लिखित प्रमाण कागजहरू सहित दावी गर्न आउनुहुन अनुरोध गरिएको छ । लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोको लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

ए वन सेभिङ्गस एण्ड क्रेडिट सहकारी लिमिटेडबाट ऋण लिई कारोबार गर्ने ऋणीहरुलाई ऋण तिर्न आउने बारेको दोश्रो पटक ३५ दिने सूचना

यस ए वन सेभिङ्गस एण्ड क्रेडिट सहकारी लिमिटेडको कार्यालय, ठमेलबाट ऋण लिई कारोबार गर्ने तपसिलमा उल्लेखित व्यक्तिहरुले लिएको कर्जा बापत तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर समेतको रकम भाखाभित्र नबुझाई नतिरी कर्जा सम्बन्धि शर्त बन्देज उल्लंघन गरेको र बारम्बार ताकेता तथा व्यक्तिगत सम्पर्क राखी ऋण तिर्न जानकारी गराउँदा समेत ऋणीले ऋण तिर्न बुझाउन बेवास्ता गरेको हुँदा २०७५/०३/०१ गते नेपाल समाचारपत्रमा पहिलो पटक ३५ दिने सूचना प्रकाशित गरेकोमा उक्त सूचनालाई समेत बेवास्ता गरि बसेकोले पुन: दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थालाई बुझाउनुपर्ने बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज दैदस्तुर रकम बुझाई कर्जा चुक्ता गर्नुहोला । अन्यथा तपाईं ऋणीहरुले सुरक्षण बापत संस्थालाई लेखी लेखाई दिनु भएको चल अचल सम्पत्ति सहकारी ऐन, २०४८ बमोजिम लिलाम बिक्री गरी कर्जा असुल-उपर गरिनेछ । साथै लिलाम बिक्रीबाट सम्पूर्ण कर्जाको साँवा, ब्याज हर्जाना असुल-उपर नभएमा ऋणी स्वयम् तथा जमानत दिने व्यक्तिहरुको चल अचल सम्पत्तिबाट कानून बमोजिम असुल-उपर गरिने व्यहोरा समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ऋणीको तीनपुस्ते नाम र ठेगाना | ऋणीको फोटो | धनजमानी/धितोको विवरण | धनजमानीको फोटो | कर्जा शिर्षक |
|---|---|---|---|---|
| नाम : **शुभ रत्न/ शुक रत्न / पुर्ण कुमारी खड्गी** जगत खड्गीको बुहारी राम खड्गीको पत्नि का.जि.का.म.न.पा.वडा नं १३ टंकेश्वर बस्ने **पुर्ण कुमारी खड्गी १** तथा जगत खड्गीको नातीहरु राम खड्गीको छोराहरु **शुभ रत्न खड्गी-१ र शुक रत्न खड्गी -१ समेत जवान -३** |    | १) लक्ष्मी दास मानन्धरको नाती कृष्ण दास मानन्धरको छोरा का.जि.का.म.न.पा वडा नं १३ टंकेश्वर बस्ने **श्याम दास मानन्धर-१** २) जगत खड्गीको नातीनी राम खड्गीको छोरी का.जि.का.म.न.पा वडा नं १३ टंकेश्वर बस्ने **प्रेम कुमारी खड्गी -१** **धितोको विवरण** का.जि.का.म.न.पा. वडा.नं. १३ स्थित कि.नं. ९३ क्षेत्रफल ४६.८० ब.मी को घरजग्गा |   | गृह निर्माण कर्जा |
| **नामः बिराज नकर्मी** बाजेको नामः पुरुषोत्तम नकर्मी बाबुको नामःबिष्णु नकर्मी ठेगानाःका.जि.का.म.न.पा.वडा नं.३२ डिल्लीबाजार,काठमाडौं । |  | **नाम : बिष्णु नकर्मी** बाजेको नामः गोपाल नकर्मी बाबुको नामःपुरुषोत्तम नकर्मी ठेगानाःका.जि.का.म.न.पा.वडा नं.३२ डिल्लीबजार, काठमाडौं। **धितोको विवरण** काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल मा.पी.का.मा बिराज नकर्मीको नाममा दर्ता कायम रहेको नाला गा.बि.स.वडा नं.९ ख स्थित कि.नं. ८९०, ८९३ को क्षेत्रफल क्रमश: १-७-०-३, ०-१०-२-० को जग्गाहरु |  | डिमाण्ड कर्जा |

**नोटः**
यस लिमिटेडको कार्यालयबाट ऋण लिनु भएका अन्य केही ऋणीहरुले पनि सावाँ, ब्याज, समयमा बुझाउन नआउनु भएको हुँदा त्यस्ता ऋणीहरुले पनि यसैलाई सूचना मानी अबिलम्ब आफूले तिर्नु पर्ने किस्ता र ब्याज तिर्न सम्पर्क राख्न आउनु हुन सूचित गरिन्छ अन्यथा उपरोक्त बमोजिम नै लिलाम बिक्री गरिने सूचना समेत प्रकाशित गर्दै लैजाने भएको हुँदा ऋणीको मानमर्यादामा कुनै प्रतिकूल असर पर्न गएमा संस्था जिम्मेवार नहुने व्यहोरा सूचित गरिन्छ ।

ए वन सेभिङ्गस एण्ड क्रेडिट सहकारी लि.
A ONE SAVINGS & CREDIT COOPERATIVE LTD.
ए वन बिजनेश कम्प्लेक्स, ठमेल, काठमाडौं
फोन : ४४११५०६, फ्याक्स :४४१४१४२

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

कमलपोखरी शाखाको ३५ दिने सार्वजनिक सूचना

नामथक रौगोंगको नाति, जे. रौगोंगको छोरा, ३ नं. प्रदेश ल.पु. जि. ल.पु उ.म.न.पा. वडा नं. २ बस्ने वर्ष ८८ को राजेन्द्र कुमार रौगोंगको नाममा यस बैंकको कमलपोखरी शाखामा खाता नं. ०५००००२२९३६५२४ को बचत खाता रहेकोमा खातावाला राजेन्द्र कुमार रौगोंगको मिति २०७५/०२/०२ गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय, केन्द्रिय पञ्जिकरण विभाग, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, वडा नं. २ ललितपुर उप-महानगरपालिका, ललितपुरको मिति २०७५/०२/०९ गतेको मृत्यु दर्ता प्रमाण पत्र लगायतका कागजातहरू पेश गरी स्व. राजेन्द्र कुमार रौगोंगको छोरा पतरस रौगोंगले उक्त रकमको भुक्तानी पाउँ भनि निवेदन गर्न आउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ । निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको कमलपोखरी शाखामा आफ्नो लिखित प्रमाण कागजहरू सहित दावी गर्न आउनुहुन अनुरोध गरिएको छ । लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोको लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

नारायणघाट शाखाको ३५ दिने सार्वजनिक सूचना

कान्छाकाजी श्रेष्ठको नाति, मंगलदासको छोरा, ३ नं. प्रदेश चीतवन जिल्ला, भरतपूर महानगरपालिका वडा नं. ३ बस्ने वर्ष ५० को किरण श्रेष्ठको नाममा यस बैंकको नारायणघाट शाखामा खाता नं. ०९५६०००५०२०९५२४ को बचत खाता रहेकोमा खातावाला किरण श्रेष्ठको मिति २०७५/०२/१७ गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय, केन्द्रिय पञ्जिकरण विभाग, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, वडा नं. ३ भरतपूर महानगरपालिका, चीतवनको मिति २०७५/०२/३१ गतेको मृत्यु दर्ता प्रमाण पत्र लगायतका कागजातहरू पेश गरी स्व. किरण श्रेष्ठको बहिनी अमिना श्रेष्ठले उक्त रकमको भुक्तानी पाउँ भनि निवेदन गर्न आउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ । निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको नारायणघाट शाखामा आफ्नो लिखित प्रमाण कागजहरू सहित दावी गर्न आउनुहुन अनुरोध गरिएको छ । लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोको लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।



> मेगा बैंक नेपालको सातौं वार्षिक साधारणसभाले नयाँ सञ्चालक समिति चयन गरेको छ। आगामी चार वर्षका लागि ६ सदस्यीय नयाँ संचालक समिति चयन गरेको हो।

# शेयर घट्ने क्रम जारी

काठमाडौं, (नेस)

केही दिनदेखि ओरालो लागिरहेको पुँजी बजारले साताको अन्तिम कारोबार दिन बिहीबार पनि निरन्तरता पाएको छ। बिहीबार शेयर बजार ५ दशमलव ३८ अंकले घटेर १ हजार १ सय ९३ दशमलव ३९ अंकमा कायम भएको छ।

दिनभरिमा १ सय ६२ वटा कम्पनीको १९ लाख १८ हजार ६ सय ४८ कित्ता शेयर ३ हजार ७ सय ७२ पटक खरिद बिक्रीबाट ५६ करोड १२ लाख ८१ हजार ८ सय ४१ रुपियाँ बराबरको कारोबार भएको छ। अघिल्लो दिनको तुलनामा कारोबार रकम भने बढेको छ। बुधबार १७ करोड ५३ लाख रुपियाँ बराबरको मात्रै कारोबार भएको थियो।

बिहीबार होटल र उत्पादनमुलक समूहबाहेक अन्य सबै समूहको उपसूचक घटेको छ। होटल समूहको उपसूचक १४ दशमलव ६१ अंकले र उत्पादनमुलक समूहको उपसूचक शून्य ४६ अंकले बढेको छ। सबैभन्दा धेरै निर्जीवन बीमा समूहको उपसूचक ८० दशमलव ८२ अंकले घटेको छ।

त्यसैगरी बैंकिङ समूहको उपसुचक ३ दशमलव ४६ अंकले, विकास बैंक समूहको उपसुचक ७ दशमलव शून्य ८ अंकले, जलविद्युत् समुहको उपसूचक ६ दशमलव ६१ अंकले, वित्त समूहको उपसुचक शून्य दशमलव ५७ अंकले, अन्य समूहको उपसुचक शून्य ९७ अंकले, लघुवित्त समूहको उपसुचक १६ दशमलव २३ अंकले र जीवन बीमा समूहको उपसुचक ४३ दशमलव ५५ अंकले घटेका छन्।

बिहीबार सबैभन्दा धेरै प्राइम लाइफ इन्स्योरेन्सको प्रोमोटर शेयरको ३० करोड ५९ लाख भन्दा बढीको कारोबार भएको छ। जम्मा ३१ वटा कम्पनीका शेयरधनीले कमाउँदा सबैभन्दा धेरै एनआईसी एशिया ग्रोथ फण्डका लगानीकर्ताले सबैभन्दा धेरै ४ दशमलव शुन्य ३ प्रतिशतका दरले कमाएका छन्। सबैभन्दा धेरै गुमाउनेमा भने नेपाल इन्स्योरेन्स कम्पनीका लगानीकर्ताले प्रतिकित्ता ५ दशमलव ७९ अंकका दरले गुमाएका छन्।







# हेटौंडामा पहिलोपटक कोरा साइक्लिङ

हेटौंडा, (नेस)

'कोरा' नामक साइक्लिङ च्यालेन्ज प्रतियोगिता हेटौंडामा पहिलोपटक हुने भएको छ। 'हेटौंडा कोरा-२०१८' साइक्लिङ च्यालेन्ज शनिबार हुने भएको हो। हेटौंडा राइडर्स क्लबले गरेको साइक्लिङमा देशभरका २ सय साइकल राइडरले सहभागिता जनाउने क्लब अध्यक्ष विकास ताम्राकारले बताए। साइक्लिङका बेलामा सडकसँग नजिक रहेका मठमन्दिर, चैत्य, गुम्बालाई भित्र पारी यात्रा गरिनेछ।

हेटौंडाको भुटनदेवी मन्दिरबाट शुरू भएर बुद्धचोक, चौकीटोल, बनस्खन्डी, पिप्ले, मत्स्यपालन केन्द्र, चौघडा, चुच्चेखोला, राजदेवी, एक्लेखेत, फुर्केचौर, हर्नामाडीको गुम्बाडाँडा, हटिया, शिखरपानी, सल्लाघारी, नयाँवस्ती हुँदै कुस्मान्ड सरोवर त्रिवेणीधाम, कर्राको गुम्बा भएर पशुपति मन्दिरबाट पुनः बुद्धचोकमा आउने रुट गरिएको क्लब सचिव सफल अधिकारीले बताए। यात्राका क्रममा ४० भन्दा बढी मठमन्दिर र चैत्य, गुम्बाको भ्रमण गरिँदा करिब ५० किलोमिटर यात्रा गरिने अधिकारीले बताए। कार्यक्रममा सहभागीबाट स्वविवेकले संकलित रकम नेपालका साइक्लिङ च्याम्पियन नारायण गोपाल महर्जनको परिवारलाई आर्थिक सहयोग गरिने क्लब अध्यक्ष ताम्राकारले बताए।

श्रीलंकाको नदीमा खसेर माउन्टेन बाइकर महर्जनको मृत्यु भएको थियो। इन्टरनेसनल रेस प्रतियोगितामा सहभागी काठमाडौंका महर्जनको महावेली नदीमा खसेर मृत्यु भएको थियो। श्रीलंकाको राजधानी कोलम्बोबाट २ सय ३० किलोमिटर दुरीमा रहेको कुडाओया नदीमा खसेर उनको मृत्यु भएको थियो। श्रीलंकन एयरलाइन्सले 'रुम्बल इन जंगल' नारा दिएर ९ जुनदेखि १५ जुनसम्म अन्तर्राष्ट्रिय रेस प्रतियोगिता गरेको थियो। ३९ प्रतियोगी रहेको प्रतियोगितामा नेपालसँगै बेलायत, जर्मन, इटाली र स्विट्जरल्यान्डका बाइक राइडर सहभागी थिए। महर्जनको मृत्युपछि प्रतियोगिता स्थगित गरिएको थियो। ६ पटकका च्याम्पियन अजय पण्डितलाई १ मिनेट २३ दशमलव ४७ सेकेन्डले उछिनेर महर्जनले २०६८ मा करिअरकै पहिलो उपाधिका रूपमा साँखु माउन्टेन बाइक च्याम्पियनसिप जितेका थिए।

# एम्बाप्पे सबैभन्दा महँगा युवा खेलाडी



लन्डन, (एजेन्सी)

विश्वकप विजेता टोली फ्रान्सका खेलाडी किलीएन एम्बाप्पे हालै सकरेक्सले गरेको रिपोर्टमा सबैभन्दा महँगो युवा फुटबलर रहेको जनाएको छ। रिपोर्टअनुसार १९९७, जनवरी १ पछि जन्मेका फुटबलरहरुको मूल्यांकन गरेको छ। जसमा उमेर, स्तर, हालको क्लब, बजार मूल्य, अन्तर्राष्ट्रिय खेल, खेलेको समय, चोट, प्राविधिक गुण र गोल गरेको आधारमा सकरेक्सले रिपोर्ट निकालेको हो। जसमा पेरिस सेन्ट जर्मेनका स्टार एम्बाप्पे १७ करोड १५ लाख पाउन्ड मूल्यका साथ सबैभन्दा महँगो युवा फुटबलर बने। फ्रान्सलाई विश्वकप उपाधि दिलाउन उनले ४ गोलसमेत गरेका थिए।

यस्तै म्यानचेस्टर युनाइटेडका एट्याकर मार्कुस रास्फोर्ड दोस्रो स्थानमा रहेका छन्। रुसमा सम्पन्न विश्वकपमा इंग्ल्यान्ड चौथो हुँदा उनले पनि सहभागिता जनाएका थिए। उनी ७ करोड ९६ लाख पाउन्डसहित सबैभन्दा महँगो युवा फुटबलरको सूचीमा दोस्रो स्थानमा रहे। अर्को प्रिमियर लिग खेलाडी तेस्रो स्थानमा छन्। म्यानचेस्टर सिटीका ब्राजिली स्ट्राइर गेब्रिएल जिससको मूल्य ७ करोड ८५ लाख पाउन्ड रहेको छ।

### विश्वका महँगा शीर्ष ५ यु २१ फुटबलर (रकम पाउन्डमा)

१. किलीएन एम्बाप्पे (पेरिस सेन्ट जर्मेन) १७१.५ मिलियन
२. मार्कुस रास्फोर्ड (म्यानचेस्टर युनाइटेड) ७९ मिलियन
३ गेब्रिएल जिसस (म्यानचेस्टर सिटी) ७८.५ मिलियन
४. ओस्मान डेम्बेले (बार्सिलोना) ७५.२ मिलियन
५. माल्कम (बोर्डीयाक्स) ५७.६ मिलियन

## धरहरा

### दुई तिहाइको उपलब्धि !



२/४ साताअघि मन्त्रीहरु भन्थे- 'सरकार कसैसँग झुक्दैन, सिन्डिकेट कुनै पनि हालतमा तोडिन्छ, सुन तस्करीका ठूला माछा छिटै जालमा पर्छन्, गुन्डाराज अन्त्य हुन्छ।' यस्तो दाबी गर्ने सरकार त्यस्ता विषयमा लुरुक्क पर्‍या छ, कानुनको दायरामा आइसक्या भन्या समूह वा विषय फेरि धमाधम ब्युँतिएको छ।

चिकित्सा क्षेत्रको सुधारको माग राख्दै आमरण अनसन बस्या डा. केसीका मागबारे सरकार भन्छ- 'कुनै पनि हालतमा सरकार झुक्दैन, कोही अनसन बस्दैमा सरकार गल्दैन।' केसीको पक्षमा उत्रिएका दल र विविध समूहको समर्थन निकै चर्को भएछ क्यार पीएम ओली केही दिनअघि भन्दै थिए- 'हाम्रो पार्टीमा विपक्षीको प्रतिकार गर्ने कोही भएन, लेख्ने र देख्ने कोही भएन, विपक्षी बलियो भए।'

उनको कुरा सुन्दा सरकार झुक्या हो कि केसीका समर्थक बढेको बारे झुक्किएको हो, धरहरा धेरै कन्फुजमा छ। गुन्डाराजसँग नझुकेको सरकार, केसी र उनका समर्थकअघि बढो साहसी बन्या छ, अस्पताल परिसरमा प्रहरी बल प्रयोग गरेर केसीलाई काठमाडौं ल्याएको छ। जुम्लामा भएको 'झडपमा प्रहरी मारिए' भन्ने चर्चा चलाएर सरकारले रणनैतिक सफलता प्राप्त गर्‍या छ।

अब केही दिनपछि सरकारले आफ्नो कार्य सफलतासूचीको पहिलो पंक्तिमै उल्लेख हुनेछ- 'जुम्लामा आमरण अनसन बसेका केसीलाई काठमाडौं ल्याइयो, उनको रहर तोडियो।' अनि अर्को बुँदामा उल्लेख हुनेछ- 'जुम्ला झडपमा ठूलो जनधनको क्षति भएन।'

# विश्व कीर्तिमानी रकम पाएपछि बेचियो

*लन्डन, (एजेन्सी)*



*इटालियन सिरी ए क्लब रोमाले गोलकिपर एलिसनलाई लिभरपुललाई बेच्ने तय गरेको छ। ब्राजिलियन गोलकिपरलाई ६ करोड ६८ लाख पाउन्डमा लिभरपुलले किन्न लागेको हो। रोमाका स्पोर्टिङ डाइरेक्टर मोचीले विश्व कीर्तिमानी रकमको प्रस्ताव आएपछि बेच्न तयार भएको बताए। २५ वर्षीय एलिसनका लागि निर्धारित गरिएको उक्त ट्रान्सफर रकमले वर्तमान कीर्तिमानलाई पछि पारेको छ। यसअघि सन् २००१ मा युभेन्टसले पर्माबाट गियानलुइगी बुफोनलाई किन्दा ५ करोड ३० लाख युरो तिरेको थियो। अहिले प्रिमियर लिग क्लबले एलिसनका लागि ७ करोड युरो ट्रान्सफर रकमले नयाँ कीर्तिमान राख्न लागेको छ। यो सम्झौतापछि एलिसन महँगो गोलकिपर हुने पक्का छ।*

*एलिसनले रोमाका लागि २ वर्ष खेलेका छन्। उनले गत सिजनमा ३७ सिरी ए खेल खेले।*

# धोनीले संन्यास लिने अड्कल



नयाँ दिल्ली, (एजेन्सी)

भारतीय पूर्वकप्तान महेन्द्रसिंह धोनीले सबै फरम्याटबाट संन्यास लिने अड्कल लगाइएको छ।

हालै इंग्ल्यान्डमा भएको टी २० सिरिजमा भारतले जित्दा वा वान डे सिरिजमा हार्दा धोनीले खेलेका थिए। वान डेमा पहिलो र दोस्रो खेलमा धोनीले सुस्त गतिमा खेलेकाले उनको आलोचना भएको छ। उनलाई बचाउन टोली र कप्तानले बोल्न थालेका छन्। तर भारतीय मिडियाले जनाएअनुसार उनको प्रदर्शन कमजोर बनेको छ।

भारतीय क्रिकेट टोलीले भने धोनीका लागि खेल जित वा हारभन्दा पनि माथि रहेको भन्दै बचाव गरिरहेको भारतीय मिडियाले जनायो। हल्ला यति चलिरहेको छ कि धोनीले अब सबैजसो फरम्याटबाट संन्यास लिनेछन्। यसमा सबैभन्दा ठूलो आधार एउटा सानो भिडियो क्लिप हो। लिड्समा खेलिएको वान डे खेल हारेपछि धोनीले मैदानबाहिर आइरहँदा अम्पायरसँग बल मागे र बल आफ्नै साथ लगेका थिए।

सोसियल मिडियामा यो भिडियो क्लिप र फोटो भाइरल भएको छ। अड्कल लगाइरहेको छ कि धोनीले यो बल सम्झनाका लागि राख्न मागेका थिए। मिडियाले दाबी गरे कि त्यो अन्तर्राष्ट्रिय खेल अन्तिम वान डे सावित हुन सक्ने सोचेका होलान्। पहिलो खेलमा इंग्ल्यान्डले २ सय ५६ रन बनायो र भारतले ४१औं ओभरमा लक्ष्य हासिल गरेको थियो।

दोस्रो खेलमा इंग्ल्यान्डले ३ सय २३ रनको ठूलो लक्ष्य दिएको थियो। तर भारतीय टोली २ सय ३६ रनमै समेटियो। यस खेलमा धोनीले ५९ बलमा ३७ रन बनाए भने उनको इनिङमा मात्र २ चौका सामेल थिए। तेस्रो तथा अन्तिम वान डे खेलमा धोनीले ६६ बलमा ४२ रन बनाए। उनले यसपटक ४ चौका प्रहार गरे। यो निर्णायक खेल पनि हारेपछि इंग्ल्यान्डले सिरिज २-१ ले जित्यो।

Call 4-261179, (98511) 08620, (98510) 35406, (9841) 764976 to Advertise on the Collector's Issue of The Largest Selling Entertainment Magazine

BOOK YOUR AD SPACE TODAY




Ad Deadline: Shrawan 18, 2075 (August 3, Friday)

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ